# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शिक्षापद्धतिको इतिहासलाई चर्चा गर्दा प्राचीनकाल देखिनै एक पिंढीबाट अर्को पिंढीमा ज्ञान हस्तान्तरण हुँदै जाने पारिवारिक शिक्षाको परम्परा रही आएको पाइन्छ । समाजको प्रचलित रीति- रिवाज,चालचलन,जीवन आदर्श,धार्मिक तथा सामाजिक मान्यता सम्बन्धिी शिक्षा घरमानै दिइन्थ्यो । व्यवसाय तथा घर गृहस्थीको शक्षा पनि यसै गरी दिइने गरिएको पाइन्छ । वर्णाश्रम व्यवस्थाको प्रारम्भ पछि गुरु-पुरोहित नै पढ्ने पढाउने र समाजको पथ प्रदर्शक भएको पाइन्छ । त्यस वखत औपचारिक विद्यालयको अस्तित्व थिएन । गुरुकहाँ गई चेलाहरूले व्यक्तिगत रुपमा ज्ञान एवम् नीतिहरू सिक्दथे ।

लिच्छवीकालमा वेद, व्याकरण, न्याय, दर्शन एवम् ज्योतिषको ज्ञान गुरुहरूले चेलाहरूलाई बाँड्दथे । मल्लकालमा ठूलाबडाहरूका छोराहरू अनौपचारिक रुपमा मठ, मन्दिर, आश्रम र विहारमा गई शिक्षा आर्जन गर्दथे । बाईसे, चौबीसे राज्यका राजाहरू वैदिक धर्मका अनुयायी भएकाले त्यहाँ संस्कृत शिक्षाको प्रचलन थियो तर शिक्षा प्रदान गर्न औपचारिक विद्यालयहरू थिएनन् (शर्मा, २०५७) । जंगबहादुरले (वि.सं १९०६-०७) बेलायत भ्रमण गरिसकेपछि आफ्ना छोराछोरीहरूलाई पढाउन वि.सं १९१० मा थापाथली दरबारमा अंग्रेजी स्कूलको स्थापना गरे । यो नै नेपालको औपचारिक शिक्षाको सुरुवात हो । यो विद्यालय पछि दरबार हाईस्कूलमा परिणत भयो । राणा शासन स्थापनाको आधा शताब्दी वितिसक्दा पनि देशमा शिक्षाको प्रचारप्रसारले गति लिन सकेन । राणा शासनभित्र पनि देब शमसेर बढी उदार देखिन्थे । तर उनका भाइ भारदारहरूले उनलाई अगाडि बढ्न दिएनन् (मैनाली, २०५९) ।

राणा शासनमा शिक्षाको विकास नहोस् भन्ने चाहँदा चाहँदै पनि उनीहरू भित्रैबाट हानाथाप, देखासेखीको भावनाले गर्दा विस्तारै ठाउँठाउँमा विद्यालयहरू खुल्दै गए । भाषा पाठशाला, श्रेस्ता पाठशाला यसका नमूना हुन् । वि.सं १९९६ मा जुद्ध शमसेरले शिक्षा सम्बन्धी इस्तिहार जारी गरेपछि विद्यालय खोल्ने मार्ग केही सहज बन्न पुग्यो (शिक्षा सम्बन्धी कानूनहरूको संगालो भाग-१, २०६१) ।

वास्तवमा भन्ने हो भने वि.सं २००७ सालको ऐतिहासिक परिवर्तनपछिको खुल्ला परिवेश, प्रजातन्त्र प्राप्ति पछि मात्रै शिक्षाको प्रचारप्रसारले द्रूत गति लियो । देशको सर्वाङ्गीण विकासको लागि शिक्षाको अपरिहार्यतालाई वास्तविक रुपमा महसुस गर्न थालिएको हुँदा गाउँ शरहका स्थानीय जनताको सहभागितामा विद्यालयहरू भटाभट खुल्न थाले । यसैक्रममा नेपालको शैक्षिक विकासलाई नयाँ गति दिनको लागि विभिन्न समयमा आयोगहरू, समितिहरू एवम् कार्यदलहरू गठन भए । तिनीहरूले शिक्षा विकासको सम्बन्धमा सरकारलाई सुझाब, सिफारिस तथा प्रतिवेदनहरू प्रस्तुत गरे । राष्ट्रिय स्तरमा विभिन्न आयोग, कमिशन, समिति बने र तिनले दिएका सुझाबहरू वा सिफारिसहरू कतिपय कार्यान्वयन भए, कतिपय भएनन् (ऐ.शिक्षा सम्बन्धी कानूनहरूको संगालो भाग -१, २०६१) ।

वि.सं २०११ सालको राष्ट्रिय शिक्षा आयोग नेपालको शैक्षिक विकासको इतिहासमा प्रथम सावित भयो । यसले पहिलोपटक शिक्षाको वृहत योजनाको श्रीगणेश समेत गऱ्यो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना (वि.सं.२०१८) ले व्यावसायिक शिक्षालाई प्रमुखताका साथ सिफारिस गऱ्यो । रा.शि.प.यो. (वि.सं.२०२८) ऐतिहासिक र शिक्षामा दूरगामी प्रभाव पार्ने आयोगको रुपमा स्थापित हुन पुग्यो । यसले वैज्ञानिक एवम् व्यावसायिक शिक्षाको सुरुवात गरेको थियो । यस आयोगले मुलुकमा सञ्चालित सबै शैक्षिक संस्थालाई राष्ट्रियकरण गर्दै विद्यालयको तहगत संरचना, व्यवस्थित परीक्षा प्रणाली, अनुगमन सुपरिवेक्षण, तालिम आदिमा विशेष जोड दिइयो । यस क्रममा कक्षा १-३ लाई प्राथमिक तह, कक्षा ४-६ लाई निम्न माध्यमिक तह र कक्षा ८-१० लाई माध्यमिक तहमा कायम गऱ्यो । त्यसैगरी, राष्ट्रिय शिक्षा आयोग (२०४९) ले नेपालको शिक्षा विकासमा महत्वपूर्ण सिफारिस समेत गऱ्यो । यसले कक्षा १-५ लाई प्राथमिक तह, कक्षा ६-८ लाई निम्नमाध्यमिक तह र कक्षा ९-१० लाई माध्यमिक तहका साथै कक्षा ११-१२लाई उच्च माध्यमिक तह भनी सिफारिस समेत गऱ्यो ।

नेपालमा शिक्षाको जिल्लास्तरीय प्रशासनको बलियो र विस्तारित प्रारुप राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लागु भएपछि भएको पाइन्छ । यस कार्यका लागि प्रत्येक जिल्लामा जिल्ला शिक्षा कार्यालयको स्थापना गरिएको छ । जिल्लाको शैक्षिक प्रशासन सञ्चालन गर्न जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था छ । जसलाई आफ्नो जिल्लाको पाठ्यक्रम कार्यान्वयन परीक्षा तथा मूल्याङ्कन आदि कुराको जिम्मेवारी दिइएको छ (वाग्ले, २०५६) । सोही जिम्मेवारी

अनुरुप निम्न माध्यमिक तहको अन्त्यमा लिइने कक्षा ८ को वार्षिक परीक्षा जिल्लास्तरमा सञ्चालन र नियन्त्रण गर्नका लागि जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा शिक्षकहरूका प्रतिनिधि समेत हुने गरी पाँच सदस्यीय जिल्लास्तरीय परीक्षा सञ्चालन समितिको गठन गरी जिल्लाभित्रका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ (शिक्षा नियमावली, २०५९ संशोधन सहित) । जि.शि.का.झापाले विगत समयदेखि यसै प्रावधान अनुसार जिल्लास्तरीय कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन गर्दै आएको छ । हाल यस जिल्लाका सामुदायिक १६२ विद्यालय र संस्थागत १४४ विद्यालयहरू उक्त परीक्षा कार्यक्रममा सहभागी हुँदै आइरहेका छन् । जिल्लास्तरीय (कक्षा ८)को परीक्षा सञ्चालन गर्न परीक्षा केन्द्र आ-आफ्नो विद्यालयहरूमा कायम भए तापनि उत्तरपुस्तिका परीक्षण अन्तरविद्यालय स्तरमा गर्ने गरिएको पाइन्छ । परीक्षण कार्य सम्पन्न गरिसकेपछि परीक्षा समितिले निर्धारण गरेको नीति र मापदण्ड अनुसार परीक्षा परिणाम प्रकाशन गर्ने गरिएको पाइन्छ । गत शैक्षिक सत्र २०६५ मा उक्त परीक्षामा झापा जिल्लाबाट सामुदायिक र संस्थागत विद्यालयबाट कूल परीक्षार्थी संख्या ११५५७ रहेको थियो । दलित विद्यार्थीको संख्या १०६५ थियो साथै कुल गैरदलित विद्यार्थी ८५५८ उतीर्ण भएका र दलित विद्यार्थी ८१२ उतीर्ण भएका पाइन्छ (जि.शि.का. झापा) । उक्त तथ्यलाई विश्लेषण गर्दा दलित विद्यार्थीको उत्तीर्णदर र औसत सिकाइ स्तर गैरदलित विद्यार्थीको तुलनामा न्यून रहेको पाइन्छ ।

वर्णव्यवस्थामा आधारित छुवाछुत प्रथाको इतिहास केलाउँदा आजभन्दा करिब ५ हजार वर्ष पहिला युरोपीय महादेशबाट सुरुवात रहेको पाइन्छ । आर्यहरू युरोपबाट घुम्दैफिर्दै इरान हुँदै भारतीय उपमहाद्वीपमा । आर्यहरू भारतवर्षमा आइपुगिसकेपछि वर्णव्यवस्था र छुवाछुत प्रथाले विकसित रुप धारण गरेको पाइन्छ (पहाडी, २०५८) ।

भारतीय उपमहाद्वीपमा वर्णव्यवस्थाको थालनी ई.पू.१५०० तिरबाट भएको पाइन्छ । वर्णव्यवस्था समाजमा विभिन्न किसिमको श्रमविभाजन हो वैदिक र अवैदिक जनताबीच संघर्ष र सामन्जस्यताको क्रम अघि बढ्नु पनि हो । ऋग्वेदको रचनापूर्व (ईसापूर्व २०००-१२००)सम्म वैदिकजन र अवैदिकजनसँग संघर्ष गर्दा वैदिकजनको जीत भई आफूलाई श्रेष्ठ वा आर्य कहलाउन थाले । यसै बखतबाट वर्णको आधारमा भेदभावको जन्म हुन पुग्यो । ऋग्वेदको पछिल्लो खण्डमा समाजरुपी चार अंगका रुपमा ब्राम्हण, क्षेत्रीय, वैश्य र शुद्र कहलिए । जहाँ

ब्राम्हणको काम यज्ञ र शिक्षा, त्यसैगरी क्षेत्रीयको काम सुरक्षा, वैश्यको काम व्यापार र शुद्रको काम सेवा र कठिन श्रम रहन पुग्यो । श्रम विभाजनमा आधारित यो वर्ण व्यवस्था पछि गएर जातमा परिणत भयो । कथित उपल्लो जातको अन्याय र भेदभावले गर्दा उपनिषद कालको थालनी (ईसापूर्व ८००) तिरबाट भारतीय उपमहाद्विपमा मानव जातिको इतिहासको कलंकको रुपमा छुवाछुत प्रथाको प्रचलन स्थापित पुग्यो (प्रश्रित, २०५८) ।

नेपालमा सर्वप्रथम जातपातको सुरुवात पूर्वी तराई (मिथिला प्रदेश) मा भएको पाइन्छ । ईशापूर्व १४०० तिर त्यहाँ उत्तर-पश्चिम भारतबाट आएका विदेहजनमा प्रारम्भिकखालको बर्णव्यवस्था रहेको पाइन्छ । तर यसले चर्को रुप धारण गरि सकेको देखिँदैन । गौतमबुद्ध र महावीर जैनले यस प्रथाको विरोध गरेका थिए । आन्दोलनले केही हदसम्म सफलता पाएको समेत थियो । त्यसैले बुद्ध र जैनलाई विष्णुको अवतारको रुपमा प्रचार गरी त्यसबखत छुवाछुत प्रथा विरुद्धको आन्दोलनलाई भुत्ते र शिथिल बनाइएको पाइन्छ (ऐ. प्रश्रित, २०५८) ।

लिच्छवीकाल (ईशापूर्व २००-८७९) मा चारवर्ण अठारजातको रुपमा वर्णव्यवस्था र छुवाछुत प्रथाको सुरुवात भएको पाइन्छ । मल्लकाल (ईशापूर्व ८७९-१७६८) मा ती प्रथा झन झाँगिंदै गएको पाइन्छ । पृथ्वीनारायण शाह (वि.सं.१८२५)ले नेपाल एकीकरण गर्दा पनि वर्णव्यवस्था कायमै गरेको पाइन्छ । नेपाल एकीकरणको क्रममा पृथ्वीनारायण शाहले नेपाल ४ जात ३६ वर्णको साझा फूलबारी हो भनी छुवाछुत सहितको वर्ण व्यवस्थाको वकालत गरेको पाइन्छ । राणाकाल( वि.सं.१९०३-२००७)मा त्यसलाई अझ बढाउँदै लगिएको समेत देखिन्छ । जंगबहादुर राणाले छुवाछुत सहितको वर्णव्यवस्था कायम गर्न वि.सं १९१० मा मुलुकी ऐन जारी गरेको पाइन्छ (ऐ. प्रश्रित, २०५८) ।

वि.सं २००७ सालको ऐतिहासिक परिवर्तनपछि जारी गरिएको अन्तरिम शासन विधानमा मौलिक हकको रुपमा धर्म र जातिको आधारमा कसैलाई भेदभाव नगरिने कानुनी व्यवस्था गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान-२०१५ मा मौलिक हकको रुपमा छुवाछुत विरुद्धको हकसहितको प्रावधान भएको पाइन्छ । त्यसैगरी वि.सं. २०२० सालमा लागु भएको नयाँ मुलुकी ऐनले छुवाछुत प्रथालाई कानुनी रुपमा निशेष गरिएको पाइन्छ । यस ऐनमा वि.सं.२०४८ सालमा संशोधन गरी छुवाछुत विरुद्धको हक समेत थप गरी सरकारी मुद्दा हुने व्यवस्था समेत गरिएको पाइन्छ (ऐ.पहाडी, २०५८) ।

प्रजातन्त्र पुनस्थापनापछि जारी भएको नेपाल अधिराज्यको संविधान-२०४७ ले समेत छुवाछुत प्रथाको विरुद्धको हकको रुपमा संविधानमै केही धाराहरूको समेत प्रावधान उल्लेखित छ । नेपालको अन्तरिम संविधान-२०६३ को भाग ३ धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकको व्यवस्था गरी जात, पेशाको आधारमा सार्वजनिक प्रयोगको सेवा, सुविधा उपयोग गर्न, उत्पादन गर्न, भोगचलन गर्न, बन्देज लगाइने छैन वा रोक लगाइएमा कानुन बमोजिम दण्डनीय हुनेछ भनी उल्लेखित छ (नेपालको अन्तरिम संविधान-२०६३) । यसरी मुलुकमा प्रजातन्त्र प्राप्ति(वि.सं.२०४६)पछि छुवाछुत र वर्णव्यवस्थाको विरोधमा संविधान र कानुन, ऐन, नियम, विनियम र आचारसंहिता निर्माण भए तापनि समाजमा परम्परावादी तथा सामन्तवादी मनोवृत्तिले गर्दा नेपाली समाजमा छुवाछुत सहितको वर्ण व्यवस्था अझसम्म धेर थोर कायमै रहेको पाइन्छ । यसले गर्दा **दलित** (जसलाई वर्णाश्रम व्यवस्थाको शुद्र वर्णमा राख्ने गरिन्छ) वर्गमा *विश्वकर्मा, दर्जी, सार्की, वादी, गाइने, कपाली, खड्गी, देउला, कुचे, तत्मा, दुसाध, धोवी, डोम, बाँतर, खत्वे,मुसहर, हलखोर र पत्थरकट्टा* (उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान समिति, काठमाडौं) वर्गको सर्वाङ्गीण विकासमा प्रत्यक्ष प्रभाव परिरहेको छ । यसले समाजको चौतर्फी विकासमा समेत असर परेको टड्कारो रुपमा देख्न सकिन्छ । दलित समुदायमा परेको विविध नकारात्मक प्रभावहरूमध्ये शिक्षामा सहभागिता र उच्च सिकाइ उपलब्धिमा समेत प्रत्यक्ष प्रभाव परेको पाइन्छ । एका तर्फ उनीहरूको विद्यालय तहको शिक्षामा सहभागिताको न्यूनता,उत्तीर्ण संख्या र सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको पाइन्छ । उच्च शिक्षा अध्ययन गर्ने दलितहरूको संख्या समेत अति न्यून रहेको पाइन्छ ।

सुरुवाती अवस्थामा शुद्रहरूलाई लेखपढ गर्न बन्देज नभएतापनि मनुस्मृतिकालदेखि शुद्रलाई शास्त्र लेखपढ गर्न पूर्णयता बन्देज लगाइएको पाइन्छ (ऐ.पहाडी, २०५८) । नेपालमा कूल जनसंख्याको करिब १३% दलितहरूको विकासमा प्रजातन्त्र प्राप्तिपछि धेरै कानुनी एवम् संवैधानिक व्यवस्थासहित विविध प्रकारका कार्यक्रमहरू सञ्चालन गरिए तापनि दलित समुदायको साक्षारता प्रतिशत करिब ३३ मात्र रहेको पाइन्छ । एस.एल.सी.(S.L.C.) परीक्षामा उत्तीर्ण ३.८%, स्नातक उत्तीर्ण ०.४%, विद्यालय भर्ना प्रतिशत २.१ र दलितका लागि शिक्षाको राष्ट्रिय खर्च करिब १५ करोड प्रति वर्ष रहेको छ (शिक्षा मन्त्रालय बुलेटिन, २०६३) ।

दलितको शैक्षिक उन्नयनका निम्ति राज्यको ठूलो धनराशी खर्च भइरहेको छ । सकारात्मक विभेदीकरणको नीति अनुसार प्राविधिक उच्चशिक्षा अध्ययन गर्न दलितहरूका निम्ति आरक्षणको समेत व्यवस्था गरिएको पाइन्छ । शिक्षा मन्त्रालयबाट विद्यालयतहमा अध्ययनरत दलित विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । साथै स्थानीय विकास मन्त्रालयबाट प्रमाणपत्र तह अध्ययन गर्ने दलित विद्यार्थीहरूको लागि रु. १५०० र स्नातक र स्नातकोत्तर तहको लागि रु. २५०० को छात्रवृत्तिको व्यवस्था गरिएको पाइन्छ । हाल चालु रहेको विद्यालय क्षेत्र सुधार योजना (SSRP) मा समेत उक्त कार्यक्रमहरूले निरन्तरता पाइरहेको छ ।

राज्यको तर्फबाट धेरै प्रयत्न भए तापनि सदियौंदेखि उत्पीडित दलित वर्गको आयु, आयस्था, शिक्षा र जीवनशैली अन्य गैरदलितहरूको तुलनामा कमजोर रहेको पाइन्छ । दलितको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा सहभागिता एवम् सिकाइ उपलब्धि समेत न्यून रहेको पाइन्छ । दलितहरूमा पनि अन्धविश्वास हीनभावना, अवसरको कमी आदि कारणबाट गैरदलितहरूको तुलनामा समग्र पक्ष कमजोर रहेको पाइन्छ । समाजमा व्याप्त भेदभाव, उत्पीडन निर्मुल गर्दै समता, सामाजिक न्याय, अवसर उपलब्ध गराउन सके दलित समुदायको समग्र पक्षको उन्नति भई सिंगो राष्ट्रको समृद्धि हुने कुरामा आशावादी बन्न सकिन्छ ।

दार्शनिक दृष्टिकोणमा समेत भेदभाव, छुवाछुतलाई अस्वीकार गरेको पाइन्छ । प्रगतिवाद, अस्तित्ववाद जस्ता दर्शनले समाजमा मानवीय प्रगति, व्यक्तित्व विकास, आत्मोन्नति, सद्भाव र भाइचारा जस्ता गुण र विशेषताहरूलाई स्वीकार्ने हुनाले समाजमा व्याप्त वर्णव्यवस्थाबाट सृजित उक्त जातिलाई समता, सामाजिक न्याय, गरिनुपर्ने पक्षमा समेत जोड दिएको पाइन्छ । पूर्वीय दर्शन अन्तरगतको वेदान्त दर्शनले “वशुदैव कुटुम्बकम्” को सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ ।

विश्वमानव परिवारवादी र सर्वात्मवादी वैदिक सिद्धान्त संसारकै सर्वश्रेष्ठ मानवतावादी दर्शन हो । प्रशिद्ध ग्रन्थ महाभारतमा ‘जात्या च सदृशाः सर्वे कुलेन सदृशस्तया’ (शान्तिपर्व १०७/३०) अर्थात् आदिम समाजका मानिसहरूमा जात र कुलमा सबै समान थिए (ऐ. प्रश्रित,२०५८)। अर्थात् त्यहाँ मानिस-मानिसबीच जातीय असमानता र भेदभाव जन्मेको थिएन । हिन्दू दर्शनका पछिल्ला स्मृतिकालीन समयमा रचित ग्रन्थ, साहित्यमा चाहिँ भेदभाव, छुवाछुत बारे प्रशस्त दृष्टान्तहरू पाइन्छन् । मनुले मनुस्मृति रचना गरी शुद्रमाथि चरम, दमन गर्नुपर्ने

भनी पाखण्डी नियम, कानुन र आचारसंहिता बनाएका थिए । समाज र समय अनुसार समानतामा आधारित समाज कालान्तरमा छुवाछुत जस्तो मानव जातिकै कलंकको रुपमा विकसित बन्न पुग्यो ।

प्रगतिवादले मानवको सर्वोत्तम विकास नै शिक्षाको लक्ष्य मान्दछ । यसले आदर्शतालाई नभई वस्तुनिष्ठतालाई स्वीकार्दछ । अस्तित्ववादी दर्शनले विषयगततालाई स्वीकार गर्दछ । शिक्षाले व्यक्तिमा आन्तरिक अस्तित्वको विकास गराउनु व्यक्तिगत स्वतन्त्रताको शिक्षामा जोड दिन्छ । साथै मानिसको आफ्नो अस्तित्वको पहिचान गर्न विकास गर्न, सामाजिक विकृति विरुद्ध संघर्ष गर्न समेत सिकाउँदछ । यसले प्रत्येक व्यक्तिलाई अनिवार्य रुपले पढ्न, लेख्न, हिसाव गर्न र इतिहासको कुरा सिकाउनु पर्ने पक्षमा सबैको ध्यानाकर्षण गराउँदछ ।

## १.२ समस्याको कथन

नेपाल बहुजाति, बहुभाषी एवम् बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । यहाँ बसोबास गर्ने सबै जाति, भाषाभाषी, अल्पसंख्यक, पिछडिएको समूहको समानुपातिक विकास हुन सकेको पाइँदैन । दलित समूहको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक अवस्था गैरदलितको समान नरहेको कुरा व्यवहारमै महसुस गर्न सकिन्छ । संविधान र कानुनले समान दृष्टिकोण राखे तापनि व्यवहारमा त्यो समनता पाइँदैन । नेपालमा दलितको शैक्षिक एवम् आर्थिक अवस्थाको कुरा गर्दा सम्पूर्ण दलितमध्ये करिब ८०-९०% गरिबीको रेखामुनि रहेका, १०-१६% मात्र साक्षर रहेका, दलित महिलाको साक्षरता करिब ३.२% रहेको, करिब ७०% दलित बालबालिका प्राथमिक तहमा भर्ना भए पनि बीचैमा कक्षा छोड्ने गरेको जसले गर्दा माथिल्लो तहमा सहभागिताको कमी रहेको पाइन्छ । यसको मूल कारण गरिबी हो र गरिबी दलितहरूको पेवा रहेको अवस्थाले गर्दा उनीहरूको शैक्षिक अवस्था कमजोर रहेको छ (विश्वकर्मा, २०५४) ।

नेपाल सरकारले प्राथमिक तहदेखि नै सबै बालबालिकाहरूलाई विद्यालय तहको शिक्षामा पहुँच बढाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ विविध शैक्षिक कार्यक्रमहरू सञ्चालित छन् । सरोकारवालाहरूको समेत सहभागितामा सञ्चालित उक्त कार्यक्रमहरूले अपेक्षित सफलता प्राप्त गर्ने आशा गरिन्छ । विद्यालय तहको शिक्षा पूरा गराउन विभिन्न किसिमका प्रोत्साहनात्मक कार्यक्रमहरू दलित बालबालिका केन्द्रित गरी सञ्चालन गरिएको पाइन्छ । सकारात्मक विभेदीकरणको नीति अन्तरगत आरक्षण प्रणाली लागु गरी राज्यको सबै

अंग तहमा उनीहरूको समुदायको सहभागिता सुनिश्चित गराउने प्रयास गरिएको पाइन्छ । उच्च प्राविधिक शिक्षा समेतमा यस्तो व्यवस्था लागु गरिएको पाइन्छ । यसलाई सकारात्मक कदमको रुपमा लिइनु पर्दछ ।

प्राथमिक तहमा दलित बालबालिकाहरूको सहभागिता सकारात्मक भए तापनि निम्नमाध्यमिक तहमा तथा माध्यमिक तहमा पुग्दा उनीहरूको सहभागिता निराशाजनक अवस्था पाइन्छ । परीक्षा उत्तीर्ण संख्या,सिकाइ उपलब्धि स्तर दलितको न्यून एवम् गैरदलित विद्यार्थीहरूमा समान नभई व्यापक फरकपन छ भन्ने गुनासो रहेको पाइन्छ । यस सन्दर्भमा उक्त परीक्षाको औसत सिकाइ उपलब्धि के छ ? लेखाजोखा गर्ने, दलित र गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिको स्थिति पत्ता लगाउने साथै तुलना गर्ने, दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गर्न के उपायहरू सुझउन सकिन्छ ? जस्ता महत्वपूर्ण एवम् सान्दर्भिक सवालहरूको जवाफ खोज्नु नै यस अध्ययनलाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय शिक्षामा गरिएको लगानीले सबै विद्यार्थीहरूले उच्च सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् भन्ने अपेक्षा राखिएको हुन्छ । आर्थिक, सांस्कृतिक, सामाजिक, राजनैतिक आदि कारणले सबै विद्यार्थीहरूले उच्च सिकाइ उपलब्धि हासिल गर्न सकिरहेको पाइँदैन । उक्त परीक्षामा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको औसत सिकाइ उपलब्धि सन्तोषजनक पाइदैन । दलित विद्यार्थीको सि.उ. गैरदलित विद्यार्थीहरूको तुलनामा न्यून रहेको भन्ने गुनासाहरूको सन्दर्भमा उक्त परीक्षाको औसत सिकाइ उपलब्धिको लेखाजोख गर्नु,उनीहरूको सिकाइ उपलब्धिको स्तर पहिचान गरी तुलनात्मक स्थिति पत्ता लगाइ समस्या समाधानका उपायहरू सुझाउनु यस अध्ययनको विषय छनौट गरिएको छ । यसका अलावा दलित बालबालिकाहरूको सिकाइ उपलब्धिलाई अभिवृद्धि गर्नुका निम्ति कार्यरत शैक्षिक नीति निर्माता, पाठ्यक्रम निर्माता, परीक्षा व्यवस्थापक सञ्चालनकर्ता सरकारी एवम् गैरसरकारी संघसंस्था, स्थानीय निकाय आदिलाई थोरबहुत शैक्षिक सूचनाको उपलब्ध गराउन यस शोधले सघाउ पुऱ्याउने अपेक्षा राखिएकोछ । आगामी दिनमा यस विषयसँग सम्बन्धित अनुसन्धान गर्ने अनुसन्धानकर्ताका निम्ति सन्दर्भसामग्रीको रुपमा समेत मद्दतपुग्ने अपेक्षा राखिएकोछ । साथै

शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन सरोकारवालाहरूलाई आवश्यक सहयोग पुऱ्याउने अपेक्षा समेत राखिएकोछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन् :-

(क) दलित एवम् गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिको स्थिति पत्ता लगाउनु ।

(ख) दलित एवम् गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिको तुलना गर्नु ।

(ग) जिल्लास्तरीय परीक्षाको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु ।

(घ) दलित विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू देहाय बमोजिमका रहेकाछन् :-

क) दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर कस्तो छ ?

ख) दलित एवम् गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिमा छात्रवृतिले कस्तो प्रभाव पारेको छ ?

ग) परीक्षाको सिकाइ उपलब्धिस्तर के कति छ ?

घ) दलित विद्यार्थीका निम्ति पाठ्यक्रम एवम् शिक्षण सिकाइ क्रियाकलाप अनूकुल छ ?

ङ) विद्यालयको शिक्षण सिकाइ वातावरण दलितमैत्री छ ?

च) परिवार, समाज र राष्ट्रले दलित विद्यार्थीहरूको निम्ति अनूकुल शिक्षण सिकाइ वातावरण सिर्जना गरेको छ ?

छ) दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर अभिवृद्धि गर्न भविष्यमा के कस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको परिसीमा सामुदायिक विद्यालयहरूबाट उक्त परीक्षामा समावेश भएका दलित एवम् गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिलाई विश्लेषण गरिएको छ । झापा जिल्लाको सहरी र अर्धसहरी क्षेत्रका ३ वटा सामुदायिक क)श्री महेन्द्र रत्न उमावि अनारमनी ख) श्री देवी मावि अनारमनी ग) श्री मोहनमाया निमावि चारपाने र ग्रामीण क्षेत्रका

३ वटा विद्यालयहरू क) श्री महेन्द्रज्योति मावि गरामनी ख) श्री दुर्गा मावि गरामनी ग) श्री वीर अमरसिंह मावि चारपाने अध्ययनकर्ताको कार्यक्षेत्र एवम् सहजता भएबाट जम्मा ६ वटा सामुदायिक विद्यालयहरूलाई नमूना छनौट गरिएकोछ । नमूना छनौटका विद्यालयहरूबाट उक्त परीक्षामा सामेल भएका दलित एवम् गैरदलित विद्यार्थीहरूको शैक्षिक सत्र (२०६१-२०६५) सम्मको प्राप्त सिकाइ उपलब्धिको अध्ययन गरिएकोछ । सीमित साधन, स्रोत र समयको परिधिभित्र गरिएको यस अध्ययनमा रहेका विविध सीमितताहरूको कारणले यसबाट प्राप्त निष्कर्षलाई सबै क्षेत्र वा अवस्थामा अन्यत्र सामान्यीकरण गर्न नसकिने हुन सक्दछ ।

## १.७ शब्दहरूको परिभाषा

| | |
|---|---|
| दलित | जसलाई वर्णाश्रम व्यवस्थाको शुद्र वर्णमा राख्ने गरिन्छ । यस वर्गमा १) विश्वकर्मा २) दर्जी ३) सार्की ४) वादी ५) गाइने ६) कपाली ठ) खड्गी ड) देउला ९) कुचे १०) तत्मा ११) दुसाध १२) धोवी १३) डोम १४) बाँतर १५) खत्वे १६) मुसहर १७) हलखोर १८) पत्थरकट्टा लाई समेत बुझाउँछ । |
| गैरदलित | दलित वर्गमा पर्ने बाहेक अन्य सबै जाति,जनजातिलाई बुझउँछ । |
| सामुदायिक विद्यालय | विद्यालय सञ्चालन,स्वीकृति,शिक्षक-कर्मचारीहरूलाई तलव, भत्ता, अनुदान, विद्यालय नियन्त्रण र शिक्षक-कर्मचारीको सेवा सुविधा र शर्त जस्ता सम्पूर्ण कार्य नेपाल सरकारले गर्ने गरी सञ्चालन भएका विद्यालयहरू । |
| संस्थागत विद्यालय | नेपाल सरकारबाट विद्यालय सञ्चालनको अनुमति लिएर निजी स्तरबाट आफ्नै स्रोत साधन प्रयोग गरी सञ्चालन भएका विद्यालयहरू । |
| जिल्लास्तरीय परीक्षा | निम्नमाध्यमिक तहको अन्त्यमा लिइने वार्षिक परीक्षालाई जिल्लास्तरीय परीक्षा भनिन्छ । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

दाहाल (२०६६) का अनुसार दलित विद्यार्थीहरूको परीक्षामा सिकाइ उपलब्धि अभिवृद्धि गर्न दलित विद्यार्थीहरूलाई विशेष प्रोत्साहन हुने गरी पाठ्यक्रम-पाठ्यपुस्तक तयार गर्ने, दलित अभिभावकहरूमा सचेतना बढाउनेखालका कार्यक्रमहरू सञ्चालन गर्ने दलित छात्रावृत्ति कार्यक्रमलाई अझ बढी परिमार्जन सहित कार्यान्वयनमा ल्याउने, अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघमा दलित अभिभावकहरूलाई अनिवार्य संलग्न गराउनु पर्ने, विद्यालयमा दलित मैत्री शिक्षण सिकाइ वातावरण सिर्जना गर्नु पर्ने, उचित पुरस्कारको व्यवस्था गर्नुपर्ने आदि सुझावहरू सम्बद्ध सरोकारवालाहरूलाई प्रस्तुत गरिएको छ (दाहाल,२०६६) ।

चैसिर (२०६२) का अनुसार जातीय असमानता,दलितको आर्थिक अवस्था, दलितको शैक्षिक अवस्था बारे तथ्यगत प्रस्तुतिकरण गरिएको छ । दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्दै उक्त अध्ययनमा दलितवर्गमा व्याप्त गरिबी, अचेतना, पछौटेपन, अवसरको कमी, स्वयम् दलितहरूमा हीन भावना, सरकारी नीति कार्यान्वयनमा फितलोपन आदि जस्ता मुख्य तत्वहरू रहेको निष्कर्ष सहित उक्त तत्वहरूको निराकरण गर्ने उपायहरू समेत प्रस्तुत गरिएको छ (चैसिर,२०६२) ।

कोइराला (१९९६) को अध्ययन अनुसार दलित जातिको शिक्षा सम्बन्धी समस्याहरू समाधान गर्न अनुकूल समयमा शिक्षण व्यवस्था र दलित सहायताकोषको स्थापना, दलित अभिभावकहरूसँग अन्तरक्रिया, सिकाइमा प्रोत्साहन दिनेखालको प्रभावकारी मूल्याङ्कन पद्धतिको व्यवस्था, दलितको श्रम र सीप पाठ्यक्रममा समाविष्ट, रोजगारीको व्यवस्था तथा जातीय विभेदको अन्त्य गर्न जनजागरण कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने सुझाबहरू उक्त अध्ययनमा प्रस्तुत गरिएको छ (कोइराला, १९९६) ।

सेरिड (२०५९-२०६०) को अध्ययन अनुसार दलित समुदायको शिक्षाप्रतिको पहुँच एवम् शैक्षिक उपलब्धि बढाउन लघु क्षेत्र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, विशेष लक्षित क्षेत्र

पहिचान गर्ने र अधिकार विकेन्द्रीकरण गर्ने, छात्रवृत्ति कोटा बढाउने, विद्यालयप्रति अपनत्वको भावना जगाउने, सरकारी एवम् गैससबीच समन्वय गराउने, प्रोत्साहन गराउने कार्यक्रम सञ्चालन गर्ने, वैकल्पिक विद्यालय कार्यक्रम एकसाथ सञ्चालन गर्ने, विद्यार्थी पोशाक, अभिभावक शिक्षा सञ्चालन गर्ने कार्य गरिनु पर्दछ (सेरिड, २०५९-२०६०) ।

ओली (२०६२) का अनुसार दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्वहरूको रुपमा सामाजिक भेदभाव, गरिबी, सांस्कृतिक पछौटेपन, राजनीतिक सहभागितामा कमी आदि जस्ता पक्षमा मुख्य रुपमा जिम्मेवार भएको कुरा उल्लेख छ । यी पक्षहरूसँग गाँसिएका अन्य विविध तत्वहरूले बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रत्यक्ष वा परोक्ष प्रभाव पारिरहेको तथ्य प्रस्तुत गरिएको छ । विद्यालयमा दलित मैत्री वातावरणको अभाव, पर्याप्त छात्रवृत्तिको अभाव, प्रोत्साहनमूलक कार्यक्रमको अभाव, निरस शिक्षण सिकाइ क्रियाकलाप, अभिभावकहरूमा आफ्ना बालबालिकाहरूको पढाइप्रतिको कम चासो आदि कारणले गर्दा उनीहरूका बालबालिकाहरूको सिकाइ उपलब्धिमा कमी रहेको तथ्यहरूलाई संकेत गरिएको छ । सरोकारवालाहरूलाई उपयोग हुने सुझाव, उपायहरूसमेत प्रस्तुत गरिएको शोधकार्य तोकिएको ढाँचामा सरल प्रस्तुति गरिएको छ । छात्रावृत्तिको बृद्धि, समाज, विद्यालयमा भेदभावमुक्त वातावरणको सिर्जना हुनु पर्ने, दलित विद्यार्थीहरूलाई प्रोत्साहनमूलक थप कार्यक्रम, रोजगारमूलक शिक्षा हुनुका साथै समयसापेक्ष पाठ्यक्रम एवम् शिक्षक सिकाइमा सुधार गर्नेतर्फसमेत सिफारिस गरिएको छ (ओली, २०६२) ।

के.सी. (२०६१) का अनुसार दलित समुदायको शैक्षिकस्थितिको बारेमा विस्तृत खोज अनुसन्धान, उनीहरूकै संलग्नतामा कार्यक्रमहरूको तर्जुमा, परम्परागत सीपलाई प्रोत्साहन र प्रचारप्रसार तथा चेतनामूलक जागरण कार्यक्रमहरू, भेदभावविरुद्ध कडा कानुनी कार्यवाही, छात्रवृत्तिको उचित व्यवस्था, प्रतिष्ठित एवम् उदाहरणीय दलित व्यक्तित्वहरूको जीवनी विद्यालय पाठ्यक्रममा समावेश, दलितको श्रम र सीपको उचित कदर, पेशागत तालिम, दलित मैत्री शिक्षण सिकाइ वातावरण, योग्य, दक्ष शिक्षकहरूको व्यवस्था तथा दलित शिक्षकहरूको व्यवस्था जस्ता कार्यक्रमहरू गरिनुपर्ने सुझाबहरूसमेत प्रस्तुत गरिएको छ (के.सी., २०६१) ।

प्रश्रित (२०५८) का अनुसार दलितहरूमा अहिले पनि गरिबी र अचेतनाको कारणले गर्दा थोरै बालबालिकाहरू मात्रै विद्यालय जान थालेका छन् र नगन्य मात्र उच्च शिक्षा हासिल

गरिरहेका छन् । तिनीहरूको ठूलो संख्या विद्यालय बाहिरै छ । नेपालका अधिकांश अविकसित ठाउँका विद्यालयहरूमा भेदभाव, हेला र अछूत जस्तो व्यवहार गरिएको पाइन्छ । स्कूल जानेहरूमा पनि ठूलो संख्यामा कक्षा ४-५ अथवा कक्षा ८-१० सम्ममा पढाइ छोड्दछन् । शिक्षा र सांस्कृतिक चेतनाको कमीको कारणले उनीहरू प्रशासनिक, प्राविधिक र स्वास्थ्य आदि क्षेत्रमा जान सकेका छैनन् र जानेहरूको संख्या पनि नगन्य छ । आर्थिक स्तरमा सुधार तथा जनजागृतिका कार्यहरू गरिनु पर्ने सुझावहरू प्रस्तुत गरिएको छ ( प्रश्रित, २०५८) ।

दलित गैरसरकारी संस्था महासंघ (२०६१) अध्ययन प्रतिवेदन  का अनुसार नेपालका दलित समुदायका मानिसहरूको शैक्षिक अवस्था ज्यादै नाजुक छ । दलितहरूले पढ्नु हुँदैन, ज्ञानगुनका कुराहरू सुन्नु हुँदैन, बौद्धिक काम गर्नु हुँदैन भन्ने परम्परा इतिहासदेखि नै रहँदै आएकोले शिक्षा आर्जन गर्नबाट उनीहरूलाई वञ्चित गराइयो । यसको कारण उनीहरू ठूलो संख्यामा निरक्षर र अशिक्षित छन् । यस समुदायका बालबालिकाहरू गरिबी र जातीय छुवाछुतको भेदभावको कारणले गर्दा विद्यालय जान पाउँदैनन् र शिक्षाबाट विमुख हुन वाध्य छन् । दलित समुदायको उच्च शिक्षाको पहुँच हेर्दा अति न्यून छ । गरिबीका कारणले गर्दा उनीहरू विद्यालयसम्म पुग्न नसक्ने अवस्था समेत देखिन्छ । आत्मालघुताभाष,, आत्मासम्मानहीनता, कमजोर आत्माबल, अन्याय सहनता, न्याय विमुखता, बेरोजगारी, राज्यका हरेक क्षेत्रमा प्रतिनिधिविहीनता, नीति निर्माण र कार्यान्वयनमा पहुँच सून्यता, निरक्षरता, गरिबी, जागरुकतामा न्यूनता, अन्तरजातीय विवाहको अस्वीकार्यता, दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार लगायत जातीयतामा आधारित छुवाछुतको नकारात्मक असर रहेको समेत देखिन्छ ( दलित गैरसरकारी संस्था महासंघ, २०६१) ।

माथेमा र विष्ट (सन् २००५) को एसएलसीमा विद्यार्थी उपलब्धि सम्बन्धी अध्ययन ( निष्कर्ष तथा सुझाबहरू) का अनुसार सुविधाविहीन समुदाय, जनजाति, अल्पसंख्यक जनजातिहरू, दलित विपन्न परिवार आदिबाट आएका बालबालिकाहरू तथा अत्यन्त कठीन परिस्थितिमा सञ्चालित विद्यालयहरूको न्यून शैक्षिक उपलब्धि भएका वर्गमा पर्दछन् । यस्तो अवस्थामा सुधारका निम्ति सिकाइ उपलब्धि अभिवृद्धि योजना (Learning achivement imporvement plan LAIP)  सञ्चालन गरिनु पर्दछ । यस कार्यमा विद्यालय वि.व्य.स., अभिभावकहरू, समुदायका सदस्यहरू, शिक्षक, विद्यार्थी तथा अन्य मुख्य सरोकारवालाहरूलाई

समावेश गराउनु पर्दछ । त्यस्तै गरी, दलित समूहबाट आएका बालबालिकाहरूको शैक्षिक क्षमता प्रदर्शन अन्य समूहबाट आएका बालबालिका भन्दा निकै न्यून रहेको पाइन्छ । त्यस्तो अवस्थामा सुधार ल्याउन गरिबी, अशिक्षा, आधारभूत सेवाको असमान वितरण, सामाजिक असहभागिता जस्ता विषयलाई उच्च प्राथमिकताका साथ संवोधन गर्दा हस्तक्षेपकारी नीति लिनु पर्दछ । विशेषतः दलितहरूप्रति लक्षित, शैक्षिक सुविधा,सामाजिक तथा आर्थिक क्रियाकलापहरूको आवश्यकता देखिन्छ (माथेमा र विष्ट,सन् २००५) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

मानव सभ्यताको प्राचीनकालदेखि नै सामाजिक विभेदीकरणको अस्तित्व रहेको पाइन्छ । सामाजिक विभेदीकरणका चिन्तनहरूले संस्कृतिको निर्माण र हस्तान्तरण गर्नमा मद्दत पुऱ्याइरहेको पाइन्छ । यस मान्यताले नै समाजमा दलित र गैरदलित आदि जस्ता विसंगतिहरूलाई मलजल गरेको पाइन्छ । यस परीक्षामा दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन विषयक यस अध्ययनको उद्देश्य अनुसार विद्यालयमा उपलब्ध साधन, स्रोत, कार्यक्रम, अनुभव, उपलब्धि, अभिभावकको चेतना, आर्थिक,सामाजिक, राजनीतिक एवम् सांस्कृतिक  आदि जस्ता पक्षहरूमा केन्द्रित रही कार्लमार्क्सको द्वन्द्व सिद्धान्त, म्याक्स वेवरको सामाजिक विभेदीकरणको सिद्धान्त, अब्राहम मास्लोको उत्प्रेरणाको सिद्धान्तलाई मुख्य सैद्धान्तिक ढाँचाको रुपमा प्रस्तुत गरिएको छ ।

कार्लमार्क्स (सन् १८१९-१८८३) का अनुसार, सामाजिक विभेदीकरणको मुख्य कारण पूँजी हो । उनका अनुसार उत्पादन र वितरणमा रहेको पहुँचमा असमानताले विभेदीकरणलाई उच्च स्थानमा पुऱ्याएको हुन्छ । सिंगो सामाजिक अवस्थाको स्वरुपमा परिवर्तन ल्याउने आधार वर्ग संघर्ष हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परस्पर विरोधी वर्गहरूबीच आ-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तरगत शोषित, श्रमिक वर्ग र पूँजीपति वा शोषकवर्गहरूबीच उत्पादन, वितरणका साधनहरूमा स्वामित्वको सम्बन्धमा वर्गीय आधारमा सधैं सामाजिक द्वन्द्व हुने गर्दछ (शर्मा, २०५८ मा उद्धृत) । यस सिद्धान्त अनुसार झापा जिल्लाको उक्त परीक्षामा दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गरिएकोछ ।

यसर्थ कसरी आर्थिक असमानताका कारण दलित र गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पर्दछ भन्ने पक्षहरूको बारेमा पनि चर्चा एवम् विश्लेषण गरिएकोछ ।

म्याक्स वेवर (सन् १८६४-१९२०) का अनुसार समाजमा शक्तिको वितरण केही फरक ढंगले भएको पाइन्छ । उनका अनुसार समाजमा शक्ति, सम्पत्ति, प्रतिष्ठा प्राप्तिका लागि व्यक्ति व्यक्तिबीच आपसी खिचातानी भइरहेको हुन्छ । उनी के दावी गर्छन् भने व्यक्ति वा समाजको आर्थिक अवस्था उसको सामाजिक प्रतिष्ठा वा स्तरसँग सम्बन्धित रहेको हुन्छ । धार्मिक मान्यता सहितको यस्तो अवस्थाले असाधारण समाजको निर्माण गर्दछ । यसरी आपसी खिचातानीबाट प्राप्त भएको विभेदीकरणमा परिवर्तन ल्याउनासाथ सामाजिक विभेदीकरणमा पनि परिवर्तन आउँदछ (रेग्मी,२०६४ मा उद्धृत) । यस सिद्धान्तलाई झापा उक्त परीक्षामा दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गर्नमा उपयोग गरिएकोछ ।

अब्राहम मास्लोले सन् १९४३ मा अभिप्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गरेका थिए । मानिसका प्रशस्त इच्छा, आवश्यकता, चाहना हुने गर्दछन् । एक आवश्यकताको परिपूर्ति हुनासाथ अर्को आवश्यकता तुरुन्त प्रकट हुन्छ । तर आवश्यकताको पूर्ण परिपूर्ति कहिल्यै पनि हुन सक्दैन । मानिसमा पूरा नहुने अनगन्ति इच्छा, चाहना हुन्छन् जसलाई निश्चित स्वरुपमा वर्गीकरण गर्न सकिन्छ । निम्न तहका धेरै आधारभूत आवश्यकताको परिपूर्ति पश्चात् प्राथमिकता क्रमका उच्चस्तरका आवश्यकताहरू परिपूर्ति गर्न व्यक्ति उत्प्रेरित हुँदै जान्छ । उनले मानिसका आवश्यकताहरूलाई निम्न पाँच श्रृंखलाहरूमा वर्गीकरण गरेका छन् । (क) शारीरिक आवश्यकता (ख) सुरक्षाको आवश्यकता (ग) सामाजिक आवश्यकता (घ) आत्मसम्मानको आवश्यकता (ङ) आत्माबोध वा आत्मानुभूति (वाग्ले, २०६४ मा उद्धृत) । उनको उत्प्रेरणाको सिद्धान्त लाई उक्त परीक्षामा दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धि को तुलनात्मक अध्ययन गर्न,व्यख्या एवम् विश्लेषण गर्न उपयोग गरिएको छ ।

## २.३. शैक्षिक उपादेयता

यस अध्ययनको क्रममा कार्लमार्क्सको द्वन्द सिद्धान्त, म्याक्स वेवरको सामाजिक विभेदीकरणको सिद्धान्त एवम् अब्राहम मास्लोको उत्प्रेरणाको सिद्धान्त लाई प्रयोगमा ल्याइएको छ । द्वन्द्व सिद्धान्त अनुसार दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई गैरदलित विद्यार्थीहरूको

सिकाइ उपलब्धिसँग तुलनात्मक अध्ययन गर्न उपयोगी सिद्ध भएको छ । यसैगरी सामाजिक विभेदीकरणको सिद्धान्तका आधारमा समाजमा दलितहरूको अवस्था तथा त्यसको सिकाइ उपलब्धिसँग सम्बन्धको आधारमा व्याख्या विश्लेषण गर्न सहायक सिद्ध भएको छ । त्यसैगरी उत्प्रेरणाको सिद्धान्तका आधारमा सिकाइ उपलब्धिको विश्लेषण गर्दै शिक्षा क्षेत्रमा कार्य गर्ने समग्र पक्षको उत्प्रेरणा अभिवृद्धि गर्न,  शैक्षिक आवश्यकता बोध गराउन मद्दत पुऱ्याएको छ भन्ने कुरासमेत विवेचना गरिएको छ ।

उपरोक्त साहित्यहरूको अध्ययनले दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको स्तर पहिचान गरी,कारण-प्रभाव बारे ज्ञात हुनका साथै उनीहरू वीचको सिकाइ उपलब्धिको तुलनात्मक विवेचना गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शैक्षिक नीति निर्माण गर्न एवम् सुधार गर्ने प्रभावकारी कार्यान्वयनका निम्ति पृष्ठपोषण प्रदान गर्न सरोकारवालाहरूलाई मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । समस्या समाधानका उपायहरू पहिचान गरी समस्या समधानार्थ सरोकारवाला पक्षलाई नयाँ शैक्षिक कार्यक्रमहरू तय गर्न मद्दत गर्ने हेतुले तोकिएको ढाँचामा शोधकार्य सम्पादन गर्न सहयोग पुऱ्याएको छ । नमुना छनौटमा परेकाहरूको विवरण समेत थप स्पष्टताकासाथ प्रस्तुत गरी प्राप्त तथ्यहरूलाई सैद्धान्तिक पक्षसंग सान्दर्भिक गराउँदै व्याख्या र विवेचना गर्नका साथै पूर्व साहित्यको अध्ययनले विषय शीर्षकलाई थप स्पष्ट पार्न, उचित विधि चयन गर्न, प्राप्तिलाई तुलनात्मक अध्ययन,ब्याख्या गरी अध्ययनलाई निर्दिष्ट दिशामा अगाडि बढाउन थप मद्दत प्रदान गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनको सन्दर्भमा झापा जिल्लाका १६२ सामुदायिक विद्यालयहरूमध्ये नमूना छनौटमा परेका विद्यालयहरूको उक्त परीक्षामा दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको परिमाणात्मक तथा गुणात्मक विवेचना गरिएको छ । संकलित तथ्याङ्कहरूको तुलनात्मक ब्याख्या एवम् विश्लेषणसमेत गरिएको छ ।

## ३.२ अनुसन्धानका साधनहरू

यस अध्ययनको तथ्याङ्क सङ्कलनको क्रममा लक्षित समूह छलफलका साथै प्रश्नावलीहरू प्रयोग गरिएको छ । प्रयोगमा आएका प्रश्नावली अनुसूची (१-४) मा उल्लेख गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

अध्ययनको मुख्य एवम् जटिल पक्षको रुपमा तथ्याङ्क संकलन कार्यलाई लिइन्छ । अध्ययनलाई विश्वासनीय, उद्देश्यमूलक बनाउने कार्यमा तथ्यमा आधारित तथ्याङ्कले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उक्त कुरालाई मनन गरी यस अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.३.१. तथ्याङ्कको प्राथमिक स्रोत

यस अध्ययनको क्रममा तथ्याङ्क संकलनको कार्यको निम्ति प्रश्नावली प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावलीमा बन्द प्रकृतिका प्रश्नहरू समावेश गरिएका छन् । थोरै मात्र खुल्ला प्रश्नहरूलाई समेटिएको छन् ।

### ३.३.२ तथ्याङ्कको द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय स्रोतको रुपमा शैक्षिक सत्र (२०६१-२०६५) को परीक्षाको मार्कलेजरलाई प्रमुख आधारको रुपमा लिइएको छ । विद्यालयमा रहेका रेकर्डहरू र जिल्ला शिक्षा कार्यालयको सो सम्बन्धी रेकर्डहरूको समेतलाई आधार मानिएको छ । आवश्यकता अनुसार सान्दर्भिक अन्य स्रोतहरू समेतलाई तथ्याङ्क संकलनको द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.४ नमूना छनौट तथा तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.४.१ जनसंख्या

सबै निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहका विद्यालयहरूबाट उक्त परीक्षामा सहभागी सबै विद्यार्थीहरू, तिनीहरूका अभिभावकहरू, प्रअ.र स्रोतव्यक्तिहरूलाई अध्ययनको मुख्य जनसंख्याको रुपमा लिइएको छ ।

### ३.४.२ नमुना छनौटको आकार

यस अध्ययनको सन्दर्भमा झापा जिल्लाका १६२ सामुदायिक (निमावि, मावि र उमावि) मध्ये ६ वटा सामुदायिक विद्यालयहरू छनौट गरिएका छन् । प्रत्येक विद्यालयबाट ४ जना दलित विद्यार्थी (जम्मा ६×४=२४जना) र ४ जना दलित अभिभावक (जम्मा ६×४= २४जना) चिट्ठा पद्धति अनुसार छनौट गरिएको छ । साथै, १ जना प्रधानाध्यापक  (जम्मा ६×१= ६ जना ) र स्रोतव्यक्ति २ जना उद्देश्यमूलक विधि अनुसार नमूना छनौट गरिएको छ । उनीहरूको अभिमत समेत संकलन गरिएको छ । प्रत्येक शैक्षिक सत्र(२०६१-२०६५)को प्रत्येक विद्यालयबाट ३ जना दलित (६×३=१८ जना) र ३ जना गैरदलित (६×३= १८ जना) अनुसूची ५-१२ सम्म विद्यार्थीहरू चिट्ठा पद्धतिबाट छनौट गरी उक्त परीक्षाको प्राप्ताङ्कलाई जिल्ला शिक्षा कार्यालयको अभिलेख र विद्यालयहरूको अभिलेखसँग भिडाइ अध्ययन गरिएको छ ।

### ३.४.३ नमूना छनौट विधि

शोधकर्तालाई कार्यक्षेत्र सहजताको हिसावले उपयुक्त हुने गरी ६ वटा सामुदायिक ( निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक) विद्यालयहरूलाई उद्देश्यमूलक नमूना छनौट (Purposive Sampling) गरिएको छ । यसरी छनौट गर्दा शहरी क्षेत्रका ३ वटा र ग्रामीण क्षेत्रका ३ वटा गरी जम्मा ६ वटा विद्यालयहरू नमूनाको रुपमा छनौट गरिएको छ । विद्यार्थीहरूको छनौट चिट्ठा पद्धति (Random sampling) अनुसार गरिएको छ । अभिभावक, प्रअ र स्रोत व्यक्तिहरूको छनौट उद्देश्यमूलक नमूना छनौट विधि (Purposive Sampling) अवलम्वन गरिको छ ।

### ३.४.४. नमुना छनौटको आधार

यस अध्ययनमा उक्त परीक्षामा समावेश भएका परीक्षार्थीहरूले प्राप्त गरेको समष्टिगत सिकाइ उपलब्धिको लेखाजोखा गर्दै परीक्षामा सामेल भएका दलित एवम् गैरदलित विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको स्थिति पत्ता लगाई तुलनात्मक विश्लेषण तथा उक्त परीक्षाको सि.उ.को लेखाजोखा गरी सुधारका निम्ति सुझाब प्रस्तुत गर्ने उद्देश्यका साथ विद्यालय, स्रोतव्यक्ति, प्रअको छनौट उद्देश्यमूलक विधि तथा दलित विद्यार्थी एवम् अभिभावकहरूको नमुना छनौट चिट्ठा पद्धतिबाट गरिएको छ । जसको मुख्य आशय विश्वसनियता, बैधता, तुलनायोग्यता नतिजा प्राप्त गर्न सकियोस भन्ने ध्येयले कार्य सम्पादन गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण तथा प्रस्तुति

विभिन्न स्रोतहरूबाट प्राप्त तथ्याङ्कहरूमध्ये उक्त परीक्षाको मार्कलेजरबाट प्राप्त द्वितीय तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरी प्रतिशतको आधारमा विश्लेषण गरिएको छ । अन्य तथ्याङ्कहरूलाई सम्पादन गरी निष्कर्षहरूलाई तालिका, रेखाचित्र, प्रतिशत आदिद्वारा प्रस्तुत गरिएको छ । दलित एवम् गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धिको प्रतिशत तालिकामा राखिनुका साथै विश्लेषण समेत गरिएको छ । समष्टीमा प्राप्त तथ्यहरूलाई प्रस्तुत गर्दै सोको परिमाणात्मक एवम् गुणात्मक विश्लेषण र व्याख्या गर्दै उल्लेखित सिद्धान्तहरूसँग सान्दर्भिक गराउँदै विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

यस परिच्छेदमा संकलित तथ्याङ्कहरूलाई तालिका,रेखाचित्रमा प्रस्तुत गरी तिनीहरूको व्याख्या तथा विवेचना गरिएको छ । दलित तथा गैरदलित विद्यार्थीहरूको उक्त परीक्षामा प्राप्त सिकाइ उपलब्धिको स्थिति पत्ता लगाइएको छ । उनीहरूको सिकाइ उपलब्धिको तुलनात्मक विवेचना गर्दै नमूना छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा समावेश भएका परीक्षार्थीहरूको प्राप्त सिकाइ उपलब्धिको लेखाजोखा गरिएको छ । साथै दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धि गर्ने उपायहरू सुझाइएको छ ।

## ४.१ दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको विवेचना

तालिका १ **दलित विद्यार्थीको औसत सिकाइ उपलब्धि**

| क. सं. | विद्यालयको नाम | सिकाइ उपलब्धि प्रतिशतमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०६१ | शै.स. २०६२ | शै.स. २०६३ | शै.स. २०६४ | शै.स. २०६५ | कूल प्रतिशत |
| १ | देवी मावि | ४७.३३ | ४६.०० | ४२.१० | ४७.५४ | ३३.१४ | ४३.२२ |
| २ | महेन्द्ररत्न उमावि | ४० | ३३.३९ | ५०.५ | ३२.२५ | ३२.७६ | ३७.७८ |
| ३ | महेन्द्रज्योति मावि | २९.१४ | ३५.८० | ३४.८५ | ४५.८५ | ३७.५८ | ३६.६४ |
| ४ | दुर्गा मावि, | ३३.६० | ३५.१४ | ४७.६० | ४५.८८ | ३९.४० | ४०.३६ |
| ५ | वीर अमरसिंह मावि | ४२.४५ | ३२.७८ | ४७.९० | ४०.५७ | ३७.७९ | ४१.६९ |
| ६ | मोहनमाया निमावि | ५७.२८ | ५६.३८ | ५८.१४ | ४७.०७ | ४०.५२ | ५१.८७ |
| | कूल प्रतिशत | ४१.६३ | ३९.९१ | ४६.८४ | ४४.३६ | ३६.८६ | ४१.९२ |

स्रोत:विद्यालय मार्कलेजर,२०६१-२०६५

उपरोक्त तथ्याङ्कलाई विवेचना गर्दा उक्त परीक्षामा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर निकै न्यून रहेको पाइन्छ । आधा भन्दा पनि कम प्रतिशत सिकाइ उपलब्धि स्तर देखिनु चिन्ताको विषय हो । नमूना छनौटमा परेका ६ वटा विद्यालयहरूमध्ये १ विद्यालय मात्रै गत ३ शै.स.को औसत सिकाइ उपलब्धि ५० प्रतिशतभन्दा माथि रहेको पाइन्छ भने सोही विद्यालयको अन्तिम २ वर्षको औसत सिकाइ उपलब्धि ५०प्रतिशतभन्दा न्यून रहेको पाइन्छ ।

अन्य विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि स्तर ३२.२५% देखि ५०% भन्दा न्यून रहेको पाइन्छ । सबै विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि स्तर उच्च रहने अपेक्षा गरिएको वर्तमान समय सन्दर्भमा दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि औसत ४१.९२% देखिनु चिन्तजनक पक्ष हो । निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त न्यून सिकाइ उपलब्धिस्तरले माध्यमिक तहमा समेत नकरात्मक प्रभाव पार्ने तथ्यलाई अनुमान गर्न सकिन्छ ।

अब्राहम मास्लो (सन् १९३४)को उत्प्रेरणाको सिद्धान्त अनुसार, मानवीय स्वभाव अनुसार आवश्यकताको परिपूर्ति जति गर्‍यो, आवश्यकताहरू क्रमश बढ्दै जान्छन् । एकपछि क्रमशः आवश्यकता परिपूर्तिको श्रृंखला नै निर्माण हुन पुग्दछ । यहाँ आवश्यकता परिपूर्ति गर्न व्यक्ति आफै अभिप्रेरित हुँदै जान्छ । आधारभूत तहका आवश्यकताहरूको परिपूर्ति हुनासाथ उच्चस्तरका आवश्यकताहरू मानिसका साम खडा हुन पुग्दछन् र त्यसको परिपूर्तिका निम्ति मानिस अभिप्रेरित हुन्छ । चैसिर,(२०६२)का अनुसार हालको शैक्षिक पद्धतिले गरीब, विपन्न, पिछडिएको वर्ग, उत्पीडित वर्ग, समूह आदिको एकातर्फ पूर्णाकर्षण गर्न नसकेको मात्र होइन यसका परम्परागत सीप र कौशललाई प्रोत्साहन गर्ने कार्य भएको छैन भने अर्कोतर्फ सामाजिक भेदभाव, आर्थिक, सांस्कृतिक, सामाजिक आदि पक्षमा व्याप्त पछौटेपन आदि कारणले विपन्न वर्गको समुदायलाई मूल प्रवाहीकरणबाट विमुख भएको कटु यथार्थता समेत पाइन्छ । उनीहरू आधारभूत तहको आवश्यकता (गाँस, बास, कपास) को परिपूर्तिमा नै रुमल्लिनु परेको कारणबाट शिक्षामा अपेक्षित लगानी, सहभागीता आदि पक्षहरूमा समेत पिछाडि पारिएको पाइन्छ । उक्त सन्दर्भ यस अध्ययन कार्यमा नमूना छनौट भएका दलित समुदायको यथार्ततालाई चित्रित गरेको पायन्छ । गरिबी, चेतना अभाव, भेदभाव, आदि कारणले गर्दा आफ्ना बालबालिकाहरूको सिकाइप्रति पर्याप्त चासो एवम् लगानी गर्न समेत उनीहरूलाई कठिनाई भएको पाइन्छ । तसर्थ, शिक्षाप्रतिको कम भरोसाबाट उनीहरू कम उत्प्रेरित भएका हुन् भन्न सकिन्छ । जबसम्म शिक्षा बारे चेतना एवम् सहभागीतामा बढोत्तरी गर्न सकिँदैन, तबसम्म उच्च सिकाइ उपलब्धिको अपेक्षा गर्नु उचित हुँदैन । शिक्षालाई आवश्यकताको रुपमा नलिएसम्म उत्प्रेरणा भन्ने कुरा कठिन विषय बन्न पुग्दछ । उपरोक्त विवरणका आधारमा उक्त परीक्षामा समाजमा पिछडिएको दलितवर्गका विद्यार्थीहरूको न्यून सिकाइ उपलब्धि हुनमा उक्त वर्गले उच्च सिकाइ उपलब्धिलाई आफ्नो आवश्यकताको रुपमा ग्रहण गर्न उत्प्रेरित नहुनु एउटा महत्वपूर्ण तथ्यको रुपमा लिन सकिन्छ ।

उक्त विवरणलाई देहाय बमोजिमको स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ :-

स्रोत:विद्यालय मार्कलेजर,२०६१-२०६५

## ४.२ गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको विवेचना

तालिका २ **गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि**

| क्र. सं. | विद्यालयको नाम | सिकाइ उपलब्धि प्रतिशतमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०६१ | शै.स. २०६२ | शै.स. २०६३ | शै.स. २०६४ | शै.स. २०६५ | कूल प्रतिशत | [illegible] |
| १ | देवी मावि | ५४.५७ | ५२.४६ | ४४.३५ | ६७.१८ | ४१.९३ | ५२.०९ | |
| २ | महेन्द्ररत्न उमावि | ५३.१० | ४१.१४ | ५३.१ | ६०.४२ | ४१.८८ | ४६.२४ | |
| ३ | महेन्द्रज्योति मावि | ३८.२ | ४२.१९ | ४८.५३ | ५०.३४ | ४६.६९ | ४८.८७ | |
| ४ | दुर्गा मावि, | ६०.०० | ४१.५ | ५९.६६ | ५९.७४ | ४०.४५ | ५२.२७ | |
| ५ | वीर अमरसिंह मावि | ५८.८८ | ४२.०० | ५०.७६ | ५७.३८ | ५२.०७ | ५२.३४ | |
| ६ | मोहनमाया निमावि | ६६.९२ | ५८.४२ | ७१.१४ | ५५.२८ | ६१.४८ | ६२.६४ | |
| | कूल प्रतिशत | ५६.० | ४६.२८ | ५४.५९ | ५८.३९ | ४७.५२ | ५२.३९ | |

स्रोत:विद्यालयको मार्कलेजर, २०६१-०६५

उपरोक्त तथ्यलाई विवेचना गर्दा उक्त परीक्षामा गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धि ५२.३९% देखिन्छ । दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि (४१.९२%) भन्दा यो १०.४७% ले अधिक सिकाइ उपलब्धि हो । तथापी गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिलाई सन्तोषजनक मान्ने अवस्था देखिँदैन । गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिलाई दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको सापेक्षतामा मात्रै हेरिनु हुँदैन । यसलाई कूल (१००%) को सापेक्षतामा विश्लेषण गर्दा गैरदलित विद्यार्थीहरूले प्राप्त गरेको (५२.३९%) औसत सिकाइ उपलब्धिलाई राम्रो मान्न सकिँदैन । नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूको गत ५ शैक्षिक सत्रको औसत सिकाइ उपलब्धिको चर्चा गर्दा न्यूनतम् ४६.२४% देखि अधिकतम् ६२.६४% सम्म औसत सिकाइ उपलब्धि हासिल गरे तापनि औसतमा सिकाइ उपलब्धि ५२.३९% रहेको यथार्थता पाइन्छ । नमूना छनौट भएको एउटा मात्र विद्यालयको गत ५ शै.स. औसत न्यूनतम् सिकाइ उपलब्धि ५८.४२% देखि ७१.१४ % सम्म देखिन्छ भने अन्य नमूना छनौट भएका विद्यालयहरूको न्यूनतम औसत ४१.५% देखि अधिकतम् औसत ६०.२४% सम्म सिकाइ उपलब्धि हासिल भएको पाइन्छ । निम्नमाध्यमिक तह शिक्षामा प्राप्त न्यून सिकाइ उपलब्धिले माध्यमिक तह शिक्षामा हासिल हुने सिकाइ उपलब्धिलाई समेत नकारात्मक प्रभाव पार्ने अनुमान गर्नु सकिन्छ ।

म्याक्स वेवर (सन् १८६४-१९२०)का अनुसार, समाजमा शक्ति सम्पत्ति एवम् प्रतिष्ठा का निम्ति समाजमा तानातान भइरहेको हुन्छ । उपरोक्त ३ वटै पक्षमा पहुँच एवम् सामर्थ्य राख्ने व्यक्ति वा समाजको सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक हैसियत उच्च बन्न पुग्दछ । सोबाट वञ्चित व्यक्ति वा समाजको सामाजिक हैसियत न्यून रहन गई समाजमा विभेदीकरणको अवस्था सिर्जना हुन पुग्दछ । फलस्वरुप उक्त न्यून वा तल्लो सामाजिक स्तरमा रहन विवश भएका व्यक्ति वा समूहको शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक आदि अवस्था कमजोर बन्न पुग्दछ । नमूनामा छनौट भएका विद्यालयहरूका अधिकांश अभिभावकहरू उपरोक्त ३ वटै पक्षबाट समाजका अन्य व्यक्ति वा समूहको भन्दा कमजोर अवस्था रहेबाट उनीहरूले आफ्ना बालबालिकाहरूको निम्ति शैक्षिक लगानी,सामाजिक अन्तरक्रियामा सहभागीता एवम् भौतिक लगानी गर्न असमर्थताले गर्दा आफ्ना बालबालिकाहरूको निम्नमाध्यमिक तह उत्तीर्ण परीक्षामा औसत सिकाइ उपलब्धि न्यून रहन गएको देखिन्छ ।

शक्ति, सम्पत्ति र प्रतिष्ठामा परिवर्तन आउनासाथ विभेदीकरण पनि स्वतः परिवर्तन आई सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने भएकोले उक्त कार्य गर्ने तर्फ समाज, राज्यको पर्याप्त चासो एवम् जिम्मेवारीको अपेक्षा राख्ने गरिन्छ । भन्ने तथ्यलाई ओली,(२०६२)ले आफ्नो शोधकार्यमा उल्लेख गरेका छन् जो यस शोधकार्यको सनदर्भमा समेत मिल्न गएको पाइन्छ नमूना छनौटमा परेका विद्यालयहरूको अधिकांश अभिभावकहरूको शक्ति, सम्पत्ति र प्रतिष्ठामा रहेको न्यून पहुँच भएबाट सामाजिक, शैक्षिक, राजनीतिक आदि पक्षमा सकारात्मक अवस्था हुन नसकेको प्रभाव स्वरुप उनीहरूका बालबालिकाहरूको उक्त परीक्षामा सिकाइ उपलब्धिस्तर न्यून रहेको भन्न सकिन्छ । यद्यपी दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको सापेक्षतामा गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि केही उच्च रहेको पाइएता पनि यो उपलब्धिलाई सन्तुष्ठिको रुपमा लिन सकिंदैन ।

उपरोक्त विवरणलाई देहाय बमोजिमको स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ :-

चित्र २ गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धि

स्रोत:विद्यालयको मार्कलेजर, २०६१-०६५

## ४.३ गैरदलित र दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको तुलना

तालिका ३ **पाँच शै.स.को औसत सिकाइ उपलब्धिको तुलना**

| क्र.सं. | विद्यालयको नाम | सिकाइ उपलब्धि प्रतिशतमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०६१ | | शै.स. २०६२ | | शै.स. २०६३ | | शै.स. २०६४ | | शै.स. २०६५ | | कूल प्रतिशत | |
| | | गैरदलित | दलित | गैरदलित | दलित | गैरदलित | दलित | गैरदलित | दलित | गैरदलित | दलित | गैरदलित | दलित |
| १ | देवी मावि | ५४.५७ | ४७.३३ | ५२.४६ | ४६.० | ४४.३५ | ४२.१० | ६७.१८ | ४७.५४ | ४१.९३ | ३३.१४ | ५२.०९ | ४३.२० |
| २ | महेन्द्ररत्न उमावि | ५३.१० | ४०.० | ४१.१४ | ३३.३९ | ५३.१ | ५०.५ | ६०.४२ | ३२.२५ | ४१.८८ | ३२.७६ | ४६.२४ | ३७.७८ |
| ३ | महेन्द्रज्योति मावि | ३८.२ | ३९.१४ | ४२.१९ | ३५.८० | ४८.५३ | ३४.८५ | ५०.३४ | ४५.८५ | ४६.६९ | ३७.८५ | ४८.८७ | ३६.६४ |
| ४ | दुर्गा मावि, | ६०.० | ३३.६० | ४१.५० | ३५.१४ | ५९.६६ | ४७.६० | ५९.७४ | ४५.८८ | ४०.४५ | ३९.४ | ५२.२७ | ४०.३२ |
| ५ | वीर अमरसिंह मावि | ५८.८८ | ४२.४५ | ४२.० | ३२.७८ | ५०.७६ | ४७.९० | ५७.३८ | ४०.५७ | ५०.०७ | ३७.७९ | ५२.३४ | ४१.६९ |
| ६ | मोहनमाया निमावि | ६६.९२ | ५७.२८ | ५८.४२ | ५६.३८ | ७१.१४ | ५८.१४ | ५५.२८ | ४७.०७ | ६१.४८ | ४०.५२ | ६२.६४ | ५१.८७ |
| | कूल प्रतिशत | | | | | | | | | | | ५२.३९ | ४१.९२ |

स्रोत:विद्यालयको मार्कलेजर, २०६१-०६५

उपरोक्त विवरण अनुसार उक्त परीक्षामा शै.स. (२०६१-०६५) सम्मको सिकाइ उपलब्धिको विवेचना गर्दा नमूना छनौटको श्री देवी मावि अनारमनीको सिकाइ उपलब्धिलाई विश्लेषण गर्दा त्यस विद्यालयका गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ५०.९% देखिन्छ भने सोही अवधिमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४३.२२% देखिन्छ । उक्त औसत सिकाइ उपलब्धि गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि (७.६८%) ले दलित विद्यार्थीको सिकाइ उपलब्धि भन्दा बढी रहेको देखिन्छ । नमूनामा छनौट भएका ६ वटै विद्यालयका दलित विद्यार्थीहरूको ५ शै.स.को औसत सिकाइ उपलब्धि ४१.९२% भन्दा यस विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४३.२२% देखिन आएबाट यो उपलब्धि १.३% ले अधिक हो । त्यसैगरी नमूनामा छनौट भएका ६ वटा विद्यालयका गैरदलित विद्यार्थीको पाँच शैक्षिक वर्षको औसत सिकाइ उपलब्धि ५२.३९% देखिन आएबाट यस विद्यालयका गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ५०.९% देखिन्छ । यो करिब औसत (५२.३ %) को हाराहारिको स्तर हो ।

श्री महेन्द्र रत्न उमावि, अनारमनीको उक्त परीक्षामा सामेल भएका विद्यार्थीहरूमध्ये दलित विद्यार्थीको गत ५ शैक्षिक सत्रको औसत सिकाइ उपलब्धि ३७.७८% रहेको पाइन्छ । सोही अवधिमा त्यस विद्यालयका गैरदलित विद्यार्थीहरूको उक्त परीक्षामा औसत सिकाइ उपलब्धि ४६.२४% प्राप्ती भइ दलित विद्यार्थीको औसत सिकाइ उपलब्धि भन्दा यो ८.३६% ले अधिक देखिन आउँछ । उक्त विद्यालयका गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४६.२४% जो सोही अवधिको नमूना छनौटमा परेका विद्यालयका गैरदलित विद्यार्थीहरूले प्राप्त गरेको औसत सिकाइ उपलब्धि (५२.३९%) भन्दा यो करिब ६.१५% ले न्यून रहेको पाइन्छ । त्यसैगरी, उक्त विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ३७.७८% रहेको छ भने नमूनामा छनौट भएका विद्यालयहरूको सोही अवधिमा दलित विद्यार्थीहरूले प्राप्त गरेको औसत सिकाइ उपलब्धि ४१.९२% देखिन्छ । तसर्थ, दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि भन्दा त्यस विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४.१४% ले न्यून रहेको पाइन्छ ।

श्री महेन्द्र ज्योति मावि, गरामनीका गैरदलित विद्यार्थीहरूको गत ५ शै.स.को औसत सिकाइ उपलब्धि ४८.८७% रहेको पाइन्छ भने सोही अवधिमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ३६.६४% रहेको पाइन्छ । यो गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धि

भन्दा १२.२३% ले न्यून रहेको पाइन्छ । नमूनामा छनौट भएका विद्यालयहरूका गैरदलित विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि ५२.३९% भएबाट यस विद्यालयका गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर ३.५२% ले न्यून रहेको देखिन्छ । त्यसैगरी, दलित विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि ४१.९२% भएबाट यस विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर ५.२८% ले न्यून रहेको देखिन आउँछ ।

श्री दुर्गा मावि, गरामनीमा उक्त परीक्षामा सामेल भएका गत ५ शैक्षिक सत्रको गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ५२.२७% रहेको छ भने सोही अवधिमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४०.३२% देखिन आएबाट यहाँ गैरदलित विद्यार्थी भन्दा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ११.९५% ले न्यून रहेको पाइन्छ । सोही अवधिमा नमूना छनौटमा परेका ६ वटा विद्यालयका गैरदलित विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि ५२.३९% रहन गई ०.१२% ले न्यून रहन गएको पाइन्छ । यस विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४०.३२% देखिन आएबाट कूल दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि (४१.९२%) भन्दा १.७% ले न्यून रहेको पाइन्छ ।

श्री वीरअमरसिंह मावि, चारपानेमा उक्त परीक्षामा सामेल भएका गत ५ शैक्षिक सत्रको गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ५२.३४% देखिन्छ भने उक्त विद्यालयका सोही अवधिमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४१.९२% देखिन आएकोले दलित विद्यार्थीको औसत सिकाइ उपलब्धि ११.६५% गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धि भन्दा न्यून देखिन्छ । नमूना छनौटमा परेका ६ वटा विद्यालयहरूका गैरदलित विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि (५२.३९%) देखिन आएबाट उक्त विद्यालयका गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि (५२.३४%) छ जो ०.०५% ले न्यून रहेको पाइन्छ । त्यसैगरी, नमूना छनौटमा परेका उक्त विद्यालयका दलित विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि (४१.९२%) उक्त विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ( ४१.६९%) जो ०.२३% ले न्यून रहेको पाइन्छ ।

श्री मोहनमाया निमावि, चारपानेको उक्त परीक्षामा सामेल भएका गैरदलित विद्यार्थीहरूले गत ५ शै.स.को औसत सिकाइ उपलब्धि ६२.६४% रहेको पाइन्छ भने उक्त विद्यालयका सोही अवधिमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ५१.८७% रहेको पाइन्छ । दलित

विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि भन्दा १०.७७% ले न्यून रहेको पाइन्छ । उक्त विद्यालयका गैरदलित विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धि (६२.६४%) नमूना छनौटमा परेका ६ वटा विद्यालयको कूल औसत सिकाइ उपलब्धि भन्दा १०.२५% ले बढी देखिन आउँछ । त्यसैगरी, उक्त विद्यालयका दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि (५१.८७%) नमूना छनौटमा परेका ६ वटा विद्यालयहरूका विद्यार्थीहरूको कूल औसत सिकाइ उपलब्धि (४१.९२%) भन्दा ९.९५% ले अधिक रहेको पाइन्छ । तसर्थ, यस विद्यालयको गैरदलित र दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर अन्य विद्यालयका गैरदलित र दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिस्तरभन्दा केही सन्तोषजनक रहेको पाइन्छ ।

उपरोक्त तथ्य एवम् विवरणका आधारमा दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिस्तर भन्दा न्यून रहेको पाइन्छ । यसका विविध कारणहरू एवम् पक्षहरू जिम्मेवार हुन सक्दछ । तसर्थ ती विविध कारक तत्वहरूको पहिचान गरी समस्या समाधानार्थ प्रभावकारी कार्य सञ्चालन गरिनु आवश्यक छ । उक्त समस्यालाई प्रभावकारी ढंगले हल नगर्ने हो भने शिक्षाप्रति उक्त समुदायको नकारात्मक धारणा स्थापित भई समग्र शैक्षिक उन्नयनमा नकारात्मक प्रभाव पार्ने तथ्यलाई मनन् गरिनु पर्दछ ।

अब्राहम मास्लो (सन् १९४३) उत्प्रेरणाको सिद्धान्तका अनुसार, मानवीय स्वभाव अनुसार आवश्यकताको परिपूर्ति जति गऱ्यो, आवश्यकताहरू क्रमश बढ्दै जान्छन् । एकपछि क्रमशः आवश्यकता परिपूर्तिको श्रृंखला नै निर्माण हुन पुग्दछ । यहाँ आवश्यकता परिपूर्ति गर्न व्यक्ति आफै अभिप्रेरित हुँदै जान्छ । आधारभूत तहका आवश्यकताहरूको परिपूर्ति हुनासाथ उच्चस्तरका आवश्यकताहरू मानिसका सामु खडा हुन पुग्दछन् र त्यसको परिपूर्तिका निम्ति मानिस स्वतः अभिप्रेरित हुन्छ । चैसिर,(२०६२)का अनुसार हालको शैक्षिक पद्धतिले गरीब, विपन्न, पिछडिएको वर्ग, उत्पीडित वर्ग, समूह आदिको एकातर्फ पूर्णाकर्षण गर्न नसकेको मात्र होइन यसका परम्परागत सीप र कौशललाई प्रोत्साहन गर्ने कार्य भएको छैन भने अर्कोतर्फ सामाजिक भेदभाव, आर्थिक, सांस्कृतिक, सामाजिक आदि पक्षमा व्याप्त पछौटेपन आदि कारणले विपन्न वर्गको समुदायलाई मूलप्रवाहीकरणबाट विमुख भएको कटु यथार्थता समेत पाइन्छ ।

उनीहरू आधारभूत तहको आवश्यकता (गाँस, बास, कपास) को परिपूर्तिमा नै रुमल्लिनु परेको कारणबाट शिक्षामा अपेक्षित लगानी, सहभागीता आदि पक्षहरूमा समेत पिछाडि पारिएको पाइन्छ, उक्त सन्दर्भ यस शोधकार्यको नमूना छनौटका दलित समुदायको यथार्ततालाई चित्रित गरेको पाइन्छ । गरिबी, चेतना अभाव, भेदभाव, आदि कारणले गर्दा आफ्ना बालबालिकाहरूको सिकाइप्रति पर्याप्त चासो एवम् लगानी गर्न समेत उनीहरूलाई कठिनाई भएको पाइन्छ । तसर्थ, शिक्षाप्रतिको कम भरोसाबाट उनीहरू कम उत्प्रेरित भएका हुन् भन्न सकिन्छ । जबसम्म शिक्षा बारे चेतना एवम् सहभागीतामा बढोत्तरी गर्न सकिँदैन, तबसम्म उच्च सिकाइ उपलब्धिको अपेक्षा गर्नु उचित हुँदैन । शिक्षालाई आवश्यकताको विषयको रुपमा नलिएसम्म उत्प्रेरणा भन्ने कुरा कठिन विषय बन्न पुग्दछ । उपरोक्त विवरणका आधारमा उक्त परीक्षामा समाजमा पिछडिएको वर्गका विद्यार्थीहरूको न्यून सिकाइ उपलब्धि हुनमा उक्त वर्गले उच्च सिकाइ उपलब्धिलाई आफ्नो आवश्यकताको रुपमा लिन उत्प्रेरित नहुनु एउटा महत्वपूर्ण पक्षको रुपमा लिन सकिन्छ ।

उपरोक्त तालिकालाई देहाय बमोजिमको बहुगुणी स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ :-

स्रोत:विद्यालयको मार्कलेजर, २०६१-०६५

## ४.४. विद्यालयको अभिलेखबाट प्राप्त तथ्याङ्कको विश्लेषण

अध्ययनको क्रममा नमूना छनौटमा परेका ६ वटा सामुदायिक(नि.मा., मा.वि.,उ.मा.वि.) को विगत ५ शैक्षिक सत्र (२०६१-२०६५) को उक्त परीक्षाको औसत सिकाइ उपलब्धि देहायबमोजिम रहेकोछ :-

तालिका ४ **परीक्षाको औसत सिकाइ उपलब्धि**

| क्र. सं. | विद्यालयको नाम | सिकाइ उपलब्धि प्रतिशतमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०६१ | शै.स. २०६२ | शै.स. २०६३ | शै.स. २०६४ | शै.स. २०६५ | कूल प्रतिशत | कैफियत |
| १ | देवी मावि | ५०.९५ | ४९.२३ | ४३.२२ | ५७.३६ | ४२.६१ | ४७.६४ | |
| २ | महेन्द्ररत्न उमावि | ४६.५५ | ३७.२६ | ५१.८ | ४६.३३ | ३७.३२ | ४२.०१ | |
| ३ | महेन्द्रज्योति मावि | ३३.६७ | ३८.९९ | ४१.६९ | ४८.०९ | ४२.२७ | ४२.७५ | |
| ४ | दुर्गा मावि, | ४६.८ | ३८.३२ | ५३.६३ | ५२.८१ | ३९.९२ | ४६.२९ | |
| ५ | वीर अमरसिंह मावि | ५०.६६ | ३७.३९ | ४९.३३ | ४८.९७ | ४३.९३ | ४७.०१ | |
| ६ | मोहनमाया निमावि | ६२.१ | ५७.४ | ६४.६४ | ५१.१७ | ५१.० | ५७.२२ | |
| | | | | | | कुल औसत प्रतिशत | ४७.१५ | |

स्रोत: विद्यालयको मार्कलेजर, २०६१-२०६५

उपरोक्त तथ्यलाई विश्लेषण गर्दा उक्त परीक्षामा सामेल भइ, नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूको गत ५ शै.स.को औसत सिकाइ उपलब्धि ४७.१५ प्रतिशत रहेको पाइन्छ । नमूनामा छनौटका ६ वटा मध्ये ५ वटा विद्यालयहरूको विगत ५ शै.स.को औसत सिकाइ उपलब्धि ४२% देखि ४७% सम्मको सेरोफेरोमा मात्रै केन्द्रित भएको देखिन्छ भने एउटा विद्यालयको मात्र गत ५ शै.स.को औसत सिकाइ उपलब्धि ५७.२२% रहेको पाइन्छ । प्रत्येक विद्यालयको उक्त परीक्षाको उक्त अवधिभित्रको औसत सिकाइ उपलब्धि कुनै वर्ष केही प्रतिशत बढी रहन गई सकारात्मक स्थिति रहेको पाइन्छ । कुनै विद्यालयको सोही अवधिमा सिकाइ उपलब्धि घटबढ हुन गई समग्र सिकाइ उपलब्धि न्यून रहेको छ । तसर्थ नमूना छनौट

भएका विद्यालयहरूको औसत सिकाइ उपलब्धि घटबढ भएको पाइन्छ । उक्त अवधिमा न्यूनतम ३७.२६% देखि अधिकतम् ६४.६४% सम्म सिकाइ उपलब्धि हासिल भएको विवरणले प्रस्ट्याउँछ । नमूना छनौटमा परेको श्री मोहनमाया नि.मा.वि. चारपानेको अधिकतम सिकाइ उपलब्धि ५७.२२% देखिन्छ भने श्री महेन्द्र रत्न मावि, अनारमनीको उक्त अवधिको परीक्षामा सिकाइ उपलब्धि ४२.०१ % रहन गई न्यून रहेको पाइन्छ ।

कार्लमार्क्स (सन् १८१९-१८८३) का अनुसार उत्पादन र वितरणका साधनमा समान पहुँच अभावको कारणले गर्दा समाजमा वर्गीयविभेदको जन्म हुन पुग्दछ । एउटा पूँजीपति वर्ग र अर्को उत्पीडित वर्ग । ती शोषित-उत्पीडित मजदूर-किसान वर्गको हितमा उत्पादन र वितरणका साधनमा जबसम्म पहुँच पुग्दैन, तवसम्म समाज वर्गीय नै हुन्छ । यसका विभिन्न स्वरुप हुने गर्दछन् । यसले समाजका सबै पक्षमा नकारात्मक प्रभाव पारेको हुन्छ । नमूना छनौटमा परेका सामुदायिक विद्यालयहरू केही ग्रामीण क्षेत्रमा तथा केही अर्धशहरीक्षेत्रमा अवस्थित छन् । उक्त विद्यालयका अधिकांश विद्यार्थीका अभिभावकहरू न्यून आर्थिक अवस्थाबाट पीडित छन् । ती गरीब, निमुखा अधिकांश अभिभावकहरूको उत्पादन र वितरणका साधनमा समान पहुँचको अभावले गर्दा चरम गरिबीबाट ग्रसित भई आफ्नो बालबालिकाहरूको सिकाइ उपलब्धिस्तर बढाउन आर्थिक, सामाजिक, भौतिक, नैतिक, लगानी गर्ने चाहना भए तापनि अर्थ वा धन अभावका कारणले यो सम्भव भएको पाइँदैन । दाहाल(२०६६)ले उल्लेख गरे झैं रोजगारीको निम्ति ज्याला मजदूरी गर्नुपर्ने अधिकांश बालबालिकाहरूका अभिभावकहरूको कटु यथार्थता हो । जसले गर्दा आफ्ना बालबालिकाहरूको पढाइप्रति समय, साधन, स्रोतमा उचित खर्च गर्न असमर्थ भएको पाइन्छ भन्ने तथ्य यहाँ पनि मिल्न गएको देखिन्छ । सिकाइ अनुकूल पारिवारिक वातावरण नभएकोले गर्दा अधिकांश बालबालिकाहरूको नियमित विद्यालयमा उपस्थितिमा समेत कठिनाई भएको छ भने केहीले आफै विहान बेलुका घरेलु कामदार भइ कार्य गर्नुपर्ने भएको कारण एवम् विद्यालयको शिक्षक सिकाइ वातावरण पनि पूर्ण सिकारुमैत्री बन्न नसकेको कारणले गर्दा उक्त परीक्षामा समावेश भएका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि आधाभन्दा कम प्रतिशत रहेको पाइन्छ । यो एउटा चिन्ताको विषय हो ।

उक्त तालिकालाई देहाय बमोजिमको स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ :-

स्रोतः विद्यालयको मार्कलेजर, २०६१-२०६५

## ४.५ दलित विद्यार्थीहरूप्रति विद्यालयद्वारा गरिएको व्यवहार

दलित विद्यार्थीहरूप्रति विद्यालयले गर्ने व्यवहार अध्ययन गर्न नमूना छनौटमा परेका प्रत्येक विद्यालयहरूबाट ४ दलित विद्यार्थी (६×४=२४ जना), ४ दलित अभिभावकहरू ( ६×४=२४ जना), प्रत्येक विद्यालयका प्र.अ. १ (६×१=६ जना), स्रो.के.का स्रोत व्यक्ति २ जनाका निम्ति छुट्टाछुट्टै प्रश्नावली तयार गरिएको छ। दलित विद्यार्थीप्रति विद्यालयद्वारा गरिएको व्यवहार, दलित अभिभावकहरूको वर्तमान सिकाइ पद्धतिप्रतिको धारणा बुझ्न एवम् उद्देश्य परिपूर्तिका निम्ति आवश्यक प्रश्नावलीहरू दलित विद्यार्थी, दलित अभिभावकहरू, प्र.अ.,स्रो. व्य. लाई बन्द प्रश्नावलीहरूद्वारा वर्तमान अवस्थाको अध्ययन गरिएको छ । प्रश्नावलीहरूका नमूनाहरू अनुसूची १-४ मा प्रस्तुत गरिएको छ।

### ४.५.१ दलित अभिभावकहरूको धारणाको विश्लेषण

तालिका ५ **वर्तमान शैक्षिक व्यवस्थाप्रति दलित अभिभावकहरूको धारणा**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| वर्तमान शैक्षिक व्यवस्था प्रतिको धारणा | संख्या | प्रतिशत | कैफियत |
| सबै नागरिकप्रति समान व्यवहार | ७ | ३९.१६ | |
| उच्च वर्गप्रति समर्पित | ८ | ३३.३३ | |
| समताको आधारमा | ७ | २९.१६ | |
| वर्ण व्यवस्थाको आधारमा | २ | ८.३३ | |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त तथ्यहरूले वर्तमान शैक्षिक व्यवस्था प्रति दलित अभिभावकहरूले हालको शिक्षा पद्धतिले उच्च वर्गप्रति बढी समर्पित भएको धारणा राखेको पाइन्छ। सबै नागरिकहरूलाई समान एवम् समतामूलक शिक्षा प्रति केहीकार्यमा सकारात्मक थालनी भएतापनि त्यसमा सम्पूर्ण सन्तुष्ठी मान्ने अवस्था छैन । तथापी हालको शिक्षा पद्धतिले वर्णव्यवस्थालाई आधार मानेको छ भन्नेहरूको अभिमत चाहि निकै न्यून रहेको पाइन्छ । सारमा वर्तमान शैक्षिक व्यवस्था प्रति दलित अभिभावहरूको अवधारणालाई पूर्ण सकारात्मक मान्न सकिँदैन ।

कार्लमार्क्सका अनुसार उत्पादन र वितरणका साधनमा समान पहुचको अभावको कारणले गर्दा समाजमा विभेदीकरणको जन्म हुन पुग्दछ । नमूना छनौटमा परेका विद्यालयका अधिकांश दलित विद्यार्थीका अभिभावकहरूभन्दा गैरदलित विद्यार्थीका अभिभावकहरूको आर्थिक अवस्था तुलानात्मक रुपमा राम्रो पाइनुले गर्दा उनीहरूले आफ्ना बालबालिकाहरूको शिक्षा प्रति लगानी, चासो एवम् सकारात्मक धारणा रहेको पाइन्छ । त्यसको ठीक विपरितको अवस्था र हैसियत दलित अभिभावकहरूको रहेको पक्षलाई के.सी.,(२०६१)ले समेत आफ्नो शोधकार्यमा उल्लेख गरेको पाइन्छ । परीक्षाको औसत सिकाइ उपलब्धि दलित विद्यार्थीको तुलनामा गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि सकारात्मक रहेको पाइन्छ ।

### ४.५.२ सिकाइ उपलब्धि स्तरबारे अभिभत

तालिका ६ **सिकाइ उपलब्धि स्तरबारे अभिमत**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| गैरदलित-दलित विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि स्तर | संख्या | प्रतिशत |
| दलित-गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर राम्रो | ३ | १२.५ |
| दलित विद्यार्थीहरको सिकाइ उपलब्धि स्तर न्यून | १४ | ५८.३३ |
| दुवैको उपलब्धी स्तर उस्तै-उस्तै | ५ | २०.८३ |
| उपलब्धी स्तर वैयक्तिक क्षमतामा भर पर्ने | २ | ८.३३ |

स्रोत:स्थलगत अध्ययन, २०६६

माथिको तथ्यलाई विवेचना गर्दा गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीहरूले हासिल गरेको औसत सि.उ. न्यून रहेको धारणा करिब आधा भन्दा बढी दलित अभिभावकहरूको रहेको पाइन्छ भने सिकाइ उपलब्धि राम्रो भन्ने एवम् दलित-गैरदलितहरूको सिकाइ उपलब्धि स्तर राम्रो र उस्तै-उस्तै भन्नेहरूको संख्या निकै न्यून रहेको पाइन्छ । अर्का तर्फ सिकाइ उपलब्धि भन्ने कुरा वैयक्तिक क्षमतामा भर पर्ने भन्ने अवधारणा राख्ने अभिभावकहरूको संख्या ज्यादै न्यून रहेको पाइन्छ । अपवादलाई छोड्ने हो भने दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर न्यून हुनुका साथै गैरदलित विद्यार्थीहरूको सापेक्षतामा न्यून रहेको पाइन्छ । यद्यपी उक्त परीक्षामा दलित एवम् गैरदलित परीक्षार्थीहरूको औसत सिकाइ उपलब्धि चाहिँ सन्तोषजनक रहेको पाइँदैन ।

### ४.५.३ वर्तमान पाठ्यक्रम र शिक्षण सिकाइ अवस्था बारेको धारणा

तालिका ७ **पाठ्यक्रम र शिक्षण सिकाइ अवस्था बारेको धारणा**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| वर्तमान पाठ्यक्रम र शिक्षण सिकाइ प्रकृया दलित विद्यार्थी मैत्री | संख्या | प्रतिशत |
| दलित विद्यार्थी मैत्री | ८ | ३३.३३ |
| दलित विद्यार्थी अमैत्री/प्रतिकुल | ११ | ४५.८३ |
| थाहा नभएको | १ | ४.१६ |
| पूर्ण दलित मैत्री नभएको | ३ | १२.५ |

स्रोतःस्थलगत अध्ययन, २०६६

हालको पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलाप दलितमैत्री बारे उपरोक्त व्यक्त रायहरू अनुसार पूर्णदलितमैत्री नभएको साथै पूर्णरुपेण दलित विद्यार्थी अनुकुल नभएको भन्नेहरूको अभिमत आधा भन्दा बढी नै रहेको पाइन्छ भने विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप दलितमैत्री छ भन्ने अभिभावकहरू पनि निकै ठूलो संख्यामा रहेको विवरणले देखाउँछ । पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप आफ्ना बालबालिकाहरू प्रति अनुकुल/प्रतिकुल केकस्तो छ भन्ने थाहा नभएको राय राख्ने अभिभावकहरू पनि रहेको पाइन्छ ।

### ४.५.४ सिकाइ सुधारका निम्ति दलित अभिभावकको चासो एवम् समय उपलब्धता

तालिका ८ **सिकाइ सुधारका निम्ति दलित अभिभावकको चासो एवम् समय उपलब्धता**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| सिकाइ प्रति चासो र समय उपलब्धता | संख्या | प्रतिशत |
| सिकाइ प्रति चासो एवम् समय दिने | २ | ८.३३ |
| सिकाइ प्रति चासो र समय नदिने | १६ | ६६.६६ |
| सिकाइ प्रति थोरै समयमात्रै दिने | ३ | १२.५ |
| विद्यार्थीले विद्यालयमै सिक्नु पर्ने | २ | ८.३३ |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त तथ्यले आफ्ना बालबालिकाहरूको सिकाइ प्रति चासो राख्दै आवश्यक सुधारात्मक कार्य गर्ने ध्येयले एकचौथाई अभिभावकहरूले मात्रै समय दिने गरेको पाइन्छ भने भ्ण्डै दुईतिहाई अभिभावकहरूले आफ्ना बालबालिकाहरूको सिकाइ स्तर केकस्तो छ भने चासो राखेर सुधार गर्न समय नदिएको पाइन्छ । त्यसका विविध पक्षहरूले भूमिका खेलेको हुन सक्दछ । विद्यार्थीहरूले विद्यालयमै सिक्नु पर्दछ, त्यसको जिम्मेवार विद्यालय नै हुने भन्ने आसय व्यक्त गर्ने अभिभावकहरू समेत रहेको पाइन्छ ।

### ४.५.५ अभिभावक-विद्यालयको सम्बन्ध

तालिका ९ **अभिभावक-विद्यालयको सम्बन्ध**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| बालबालिकाहरूको सिकाइ स्थिति बुझ्ने प्रयोजनका निम्ति अभिभावकको विद्यालयमा उपस्थिति | संख्या | प्रतिशत | कैफियत |
| अभिभावक विद्यालयमा समयसमयमा जाने | ४ | १६.३३ | |
| अभिभावकहरू विद्यालय समयसमयमा नजाने | १४ | ५८.३३ | |
| अभिभावकहरू विद्यालयले बोलाए मात्रै जाने | २ | ८.३३ | |
| अभिभावक विद्यालय जानु पर्ने कुरा थाहा नहुने | ४ | १६.६६ | |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त अनुसार दलित अभिभावक मध्ये थोरै मात्रले विद्यालयले गर्ने शिक्षण सिकाइ काय प्रति चासो राखेको पाइन्छ । उनीहरूको सिकाइ स्थिति बुझ्न थोरै मात्रै अभिभावकहरू विद्यालय जाने गरिएको, बोलाउँदा मात्रै जाने अन्य अवस्थामा विद्यालय प्रति र बालबालिकाहरूको सिकाइ स्थिति प्रति खासै चासो नदेखाएको पाइन्छ । अधिकांश अभिभावकहरू आफ्नै वाध्यता,सामाजिक अवस्था,अचेतना,आर्थिक अवस्था, आदि कारणले गर्दा आफ्ना बालबालिकाहरूको सिकाइ अवस्था बारे जानकारी लिन विद्यालय नजाने गरेको उनीहरूको अभिमतबाट बुझ्न सकिन्छ । उनीहरूमा विद्यालयमा समयसमयमा गई आफ्ना बालबालिकाहरूको सिकाइ अवस्था बारे जानकारी लिई सुधार गर्न विद्यालय परिवारले सहयोग गर्ने कुराको जानकारी अभाव समेत रहेको पाइन्छ ।

### ४.५.६ सिकाइ उपलब्धि अभिबृद्धि गर्ने उपायहरू

तालिका १० **सिकाइ उपलब्धि अभिबृद्धि गर्ने उपायहरू**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| दलित बालबालिकाहरूको सि.उ. अभिवृद्धि गर्ने उपाय | संख्या | प्रतिशत | कैफियत |
| छात्रवृत्तिको थप व्यवस्था | १७ | ७०.८३ | |
| अतिरिक्त कक्षाको व्यवस्था | २ | ८.३३ | |
| नियमित गृहकार्यको व्यवस्था | १ | ४.१६ | |
| विद्यालयमै राम्रो पढाई हुनु पर्ने | ३ | १६.६६ | |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त तथ्यले दलित बालबालिकाहरूलाई विभिन्न किसिमका सुविधायुक्त छात्रवृत्तिको उचित प्रबन्ध गर्न आवश्यकछ भन्ने झण्डै दुईतिहाई अभिभावकहरूको अभिमत रहेको पाइन्छ । यसले विद्यालयले प्रदान गर्ने विविध प्रकारका छात्रवृत्तिहरूले उनीहरूलाई सिकाइमा प्रोत्साहन गर्दै अभिभावकहरूलाईको व्ययभार कम हुने भन्ने अर्थ राख्दछ । यसका अलवा विद्यार्थीलाई नियमित गृहकार्य दिने साथै परीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण दिन सके सि.उ.मा बढोत्तरी हुने राय राख्नेहरू पनि देखिन्छन् । अभिभावकहरूमा विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्नु पर्ने राय पेश गर्नेको संख्या पनि उल्लेख्य रहेको पाइन्छ ।

### ४.५.७ सि.उ. अभिबृद्धि गर्न सरकारी-गै.स.स.ले गर्नु पर्ने कार्यहरू

तालिका ११ **सि.उ. अभिबृद्धि गर्न सरकारी-गै.स.स. ले गर्नु पर्ने कार्यहरू**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| सि.उ. अभिबृद्धि गर्न सरकारी-गै.स.स. ले गर्नु पर्ने कार्यहरू | संख्या | प्रतिशत |
| सबैलाई आ-आफ्नो क्षमता अभिबृद्धि गर्ने अवसरको उपलब्धता | १ | ४.१६ |
| समतामूलक व्यवहार गर्ने | ५ | २०.८३ |
| दलित विद्यार्थीहरूलाई थप प्रोत्साहन गर्ने कार्यक्रम ल्याउनु पर्ने | १६ | ६६.६६ |
| कालको व्यवस्था नै पर्याप्त | २ | ८.३३ |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणका आधारमा थोरै अभिभावक मात्रै हाल राज्य, गै.स.स.ले उपलब्ध गराएका सेवा-सुविधा, अवसर, आरक्षण,सहभागीता आदि प्रति सकारात्मक भएता पनि ठूलो संख्यामा दलित अभिभावकहरू थप, एवम् पर्याप्त दलित बालबालिकाहरूको शिक्षामा प्रोत्साहन गर्ने कार्यक्रमहरू ल्याइनु पर्ने अवधारणा राख्ने गरेको पाइन्छ । उनीहरूलाई समानता साथै समतामूलक व्यवहार सरकारी एवम् गै.स.स. बाट गरिनु पर्दछ । जसबाट उनीहरूका बालबालिकाहरूको सिकाइ उपलब्धिमा अभिबृद्धि गर्ने आशा राख्ने गरिएको पाइन्छ । अत्यन्तै न्यून संख्यामा तथा केही आर्थिक, सामाजिक अवस्था उच्च भएका दलित अभिभावकहरू मात्रै सरकारी, गै.स.स.ले सबैलाई आ-आफ्नो क्षमता अभिबृद्धि गर्न अवसर उपलब्ध गराई दिए पुग्ने भन्ने मान्यता राख्ने गरेको पाइन्छ । आमरुपमा गरिबी, सामाजिक, सांस्कृतिक र शैक्षिक आदि पछौटेपनका कारण वर्तमानमा सकारात्मक विभेदीकरणको नीति अनुसार उनीहरूका निम्ति थप प्रोत्साहनमूलक शैक्षिक कार्यक्रमहरू ल्याई उनीहरूकै संलग्नतामा कार्यक्रम गै.स.स. एवम् सरकारी निकायले सञ्चालन गरिनु पर्ने राय अधिकांश दलित अभिभावकहरूको रहेको पाइन्छ ।

### ४.५.८ दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा अभिवृद्धि ल्याउन गरिनु पर्ने कार्यहरू

उक्त सवालमा दलित अभिभावकहरू आफ्ना बालबालिकाहरूको प्राप्त सिकाइ उपलब्धिलाई समष्ठिगत विश्लेषण गर्दा सिकाइ स्तर सन्तोषजनक नभएको धारणा व्यक्त गर्दछन् । दलित विद्यार्थीको सिकाइ उपलब्धि स्तर भन्दा गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर केही उच्च रहेको तथ्यलाई ख्याल गरी देहाय बमोजिमका कार्यहरू गरिनु पर्ने धारणा नमूना छनौटका अभिभावकहरूको लक्षित समूहको छलफलको निष्कर्ष उल्लेख गरिएको छ ।

*दलित समुदाय भित्रको अतिविपन्न विद्यार्थीका निम्ति थप प्रोत्साहनमूलक शैक्षिक कार्यक्रम सञ्चालन गरिनु पर्दछ । उत्कृष्टता हासिल गर्ने दलित विद्यार्थीलाई उचित पुरस्कार एवम् अभिनन्दन कार्य गरिनु पर्दछ । शैक्षिक सचेतना जगाउने कार्यक्रममा उनहिरूको अनिवार्य उपस्थिति एवम् सभागिता सुनिश्चित गरिनु पर्दछ । शिक्षित दलित महिलालाई शिक्षण पेशामा भित्राइनु पर्दछ । उनीहरूलाई उचित आरक्षण एवम् सामाजिक न्याय स्थापनाको साथै सबै खाले भेदभावलाई पूर्ण रुपले बन्देज लगाइनु पर्दछ । कानूनी दण्डलाई व्यवहारमा उतार्नु पर्दछ । दलित समुदायकेन्द्रित संघसंस्थाहरूलाई शैक्षिक कार्यक्रमको निम्ति कार्यान्वयनमा अनिवार्य सहभागीता गराउनु पर्दछ ।*

स्रोत: लक्षित समूह छलफल

अब्राहम मास्लोको उत्प्रेरणाको सिद्धान्तका अनुसार मानवीय स्वभाव अनुसार आवश्यकताको परिपूर्ति जति गऱ्यो, आवश्यकताहरू क्रमश बढ्दै जान्छन् । एकपछि क्रमशः आवश्यकता परिपूर्तिको श्रृंखला नै निर्माण हुन पुग्दछ । यहाँ आवश्यकता परिपूर्ति गर्न व्यक्ति आफै अभिप्रेरित हुँदै जान्छ । आधारभूत तहका आवश्यकताहरूको परिपूर्ति हुनासाथ उच्चस्तरका आवश्यकताहरू मानिसका सामु खडा हुन पुग्दछन् र त्यसको परिपूर्तिका निम्ति मानिस स्वतः अभिप्रेरित हुन्छ । हालको शैक्षिक पद्धतिले गरीब, विपन्न, पिछडिएकोवर्ग, उत्पीडितवर्ग, आदिलाई एकातर्फ पूर्णाकर्षण गर्न नसकेको मात्र होइन यसका परम्परागत सीप र कौशललाई प्रोत्साहन गर्ने कार्य भएको छैन भने अर्कोतर्फ सामाजिक भेदभाव, आर्थिक, सांस्कृतिक, सामाजिक आदि पक्षमा व्याप्त पछौटेपन आदि कारणले विपन्न समुदायलाई मूलप्रवाहीकरणबाट विमुख भएको कटु यथार्थता समेत पाइन्छ । उनीहरू आधारभूत तहको आवश्यकता (गाँस, बास, कपास) को परिपूर्तिमा नै रुमल्लिनु परेको कारणबाट शिक्षामा अपेक्षित लगानी, सहभागीता समेत पिछाडि पारिएको पाइन्छ । गरिबी, चेतना अभाव, भेदभाव, आदि कारणले गर्दा आफ्ना बालबालिकाहरूको सिकाइप्रति पर्याप्त चासो एवम् लगानी गर्न समेत उनीहरूलाई कठिनाई भएको पाइन्छ । तसर्थ, शिक्षाप्रतिको कम भरोसाबाट उनीहरू कम उत्प्रेरित भएका हुन् भन्न सकिन्छ । जबसम्म शिक्षा बारे चेतना एवम् सहभागीतामा बढोत्तरी गर्न सकिँदैन, तबसम्म उच्च सिकाइ उपलब्धिको अपेक्षा गर्नु उचित हुँदैन । शिक्षालाई आवश्यकताको विषयको रुपमा नलिएसम्म उत्प्रेरणा भन्ने कुरा कठिन विषय बन्न पुग्दछ । उपरोक्त विवरणका आधारमा समाजमा पिछडिएको दलितवर्गका विद्यार्थीहरूको न्यून सिकाइ उपलब्धि हुनमा उक्त वर्ग ले उच्च सिकाइ उपलब्धिलाई आफ्नो आवश्यकताको रुपमा ग्रहण गर्न उत्प्रेरित नहुनु एउटा महत्वपूर्ण यथार्थताको रुपमा लिन सकिन्छ ।

उपरोक्त कार्यका निम्ति दलित समुदायका संघसंस्थाहरूसँग सरकारी एवम् गै.स.स. हरूले उचित सहकार्य एवम् समन्वयमा कार्यक्रम निर्धारण गरी प्रभावकारी कार्यन्वयन गर्न सके शिक्षण सिकाइ क्रियाकलाप थप प्रभावकारी बन्न गई विद्यार्थीको सिकाइ उपलब्धिमा अभिबृद्धि हुने अभिमत छलफल र अन्तरक्रियाको क्रममा दलित अभिभावकहरूले व्यक्त गरेको पाइन्छ ।

## ४.६ विद्यार्थीहरूको धारणा सम्बन्धी विवरण एवम् विश्लेषण

### ४.६.१ दलित एवम् गैरदलित विद्यार्थीबीचको सम्बन्ध

तालिका १२ **दलित एवम् गैरदलित विद्यार्थीबीचको सम्बन्ध**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| दलित विद्यार्थीसँग गैरदलित विद्यार्थीको सम्बन्ध | संख्या | प्रतिशत | कैफियत |
| राम्रो | २० | ८३.३३ | |
| नराम्रो | x | x | |
| सामन्य | ३ | १२.५ | |
| थाहा छैन | १ | ४.१६ | |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त तथ्यले गैरदलित विद्यार्थी र दलित विद्यार्थी बीचको सम्बन्ध सुमधुर रहेको, कुनै किसिमको भेदभाव नभएको, एकै साथ सिकाइ कार्यमा संलग्न भएको पाइन्छ भने नराम्रो सम्बन्ध भन्नेहरूको संख्या सुन्य रहेको पाइन्छ । दलित एवम् गैरदलित विद्यार्थीहरू बीचको सम्बन्ध सामन्य रहेको भन्नेहरूको नमूनामा छनौट भएका विद्यार्थीहरूको संख्या पनि थोरै रहेको पाइन्छ । समष्ठिमा दलित एवम् गैरदलित विद्यार्थीहरूको बीचको सम्बन्ध सकारात्मक रहेको भन्न सकिन्छ ।

### ४.६.२ दलित विद्यार्थीप्रति विद्यालयले गरेको व्यवहार

तालिका १३ **दलित विद्यार्थीप्रति विद्यालयले गरेको व्यवहार**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| दलित विद्यार्थी प्रति विद्यालयद्वारा गरिएको व्यवहार | संख्या | प्रतिशत | कैफियत |
| राम्रो | ११ | ४५.८३ | |
| भेदभावपूर्ण | ३ | १२.५ | |
| समान | ८ | ३३.३३ | |
| थाहा नभएको | २ | ८.३३ | |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणहरूले दलित विद्यार्थीहरू प्रति विद्यालयद्वारा गरिने व्यवहार समान एवम् सकारात्मक छ भन्ने धारणा नै बढी रहेको पाइन्छ भने भेदभावपूर्ण र थाहा नभएको भन्नेहरूको अभिमत निकै न्यून रहेको देखिन्छ । यसबाट विद्यालयको राम्रो व्यवहार एवम् कार्यक्रमहरू दलित विद्यार्थीहरूको निम्ति सकारात्मक नै रहेको छ भन्न सकिन्छ ।

### ४.६.३ विद्यार्थीहरूले हासिल गरेको सिकाइ उपलब्धि बारे टिप्पणी

तालिका नं. १४ **विद्यार्थीहरूले हासिल गरेको सिकाइ उपलब्धि बारे टिप्पणी**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| सिकाइ उपलब्धिको अवस्था बारे टिप्पणी | संख्या | प्रतिशत |
| दुवैको राम्रो | X | X |
| दुवैको नराम्रो | १० | ४१.६६ |
| दलित विद्यार्थीको सिकाइ उपलब्धि स्तर गैरदलितको तुलनामा न्यून | १४ | ५८.३३ |
| गैरदलितको भन्दा दलित विद्यार्थीको सिकाइ उपलब्धि स्तर उच्च | X | X |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणले परीक्षामा सामेल भएका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि प्रति नमूना छनौटमा परेका विद्यार्थीहरूको धारणा अनुसार दलित-गैरदलितको सिकाइ उपलब्धि प्रति सकारात्मक धारणा नरहेको पक्ष एकातर्फ छ भने दुवैको सिकाइ उपलब्धि सन्तोषजनक नरहेको तथ्यले दर्शाउँछ । तुलनात्मक रुपमा गैरदलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर केही उच्च रहेता पनि दलित विद्यार्थीहरूको स्तर न्यून नै रहेको देखिन्छ । समष्ठिमा दलित-गैरदलित विद्यार्थीहरूको सकारात्मक धारणा नभएबाट यस्तो अवस्थालाई राम्रो मान्न सकिँदैन ।

### ४.६.४ पाठ्यक्रम र शिक्षण सिकाइ अवस्थाबारे अभिमत

तालिका १५ **पाठ्यक्रम र शिक्षण सिकाइ अवस्थाबारे अभिमत**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| पाठ्यक्रम र शिक्षण सिकाइ अवस्थाको अभिमत | संख्या | प्रतिशत | कैफियत |
| दलित मैत्री | १७ | ७०.८३ | |
| दलित अमैत्री | १ | ४.१६ | |
| थाहा छैन | ३ | १२.५ | |
| भन्न सकिदैन | ३ | १२.५ | |

स्रोतःस्थलगत अध्ययन, २०६६

माथिको विवरण अनुसारे वर्तमान पाठ्यक्रम एवम् शिक्षण सिकाइ क्रियाकलाप दलित एवम् गैरदलित विद्यार्थीहरू बीच भेदभावरहित, समानताका आधारमा शिक्षण सिकाइ क्रियाकलाप गराउन सक्ने गरी दलितमैत्री रहेको भन्ने अधिकांश विद्यार्थीहरूले जवाफ दिएको पाइन्छ । दलितमैत्री छैन भन्ने हरूको अभिमत ज्यादै झिनो देखिन आउँछ भने थाहा छैन, भन्न सकिदैन भन्नेहरूको अभिमत पनि त्यति धेरै नभएबाट विद्यालयको हालको पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलाप दलित विद्यार्थी प्रतिकूल नरहेको भन्न सकिन्छ ।

### ४.६.५ घरमा पढाइलेखाइका निम्ति बिहान बेलुका व्यतित गर्ने समय

तालिका १६ **पढाइलेखाइका निम्ति बिहान बेलुका व्यतित गर्ने समय**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| घरमा पढाइ लेखाइका निम्ति खर्च हुने समय | संख्या | प्रतिशत | कैफियत |
| १-१.५ घण्टा | ५ | २०.८३ | |
| ३-४ घण्टा | १ | ४.१६ | |
| फुर्सदमा पढ्ने | ४ | १६.६६ | |
| पढ्न पाउँदिन | १४ | ५८.३३ | |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त अभिमतको विवेचना गर्दा दलित विद्यार्थीहरूले विहान बेलुका घरधन्दा, मेलापात गर्नु पर्ने, परिवारलाई सहयोग गर्नु पर्ने बाध्यता, विहान बेलुका पढाइ लेखाइका निम्ति

पर्याप्त समय दिन नसकेको देखिन्छ । आर्थिक अभाव एवम् सामाजिक-सांस्कृतिक पछौटेपनले यसमा भूमिका खेलेको आभास हुन्छ । यसरी गरिबीले व्यवहारिक उल्झनपरी उच्च सिकाइ उपलब्धि हासिल गर्न असमर्थ रहेका हुन् भन्ने राय आधा भन्दा बढी विद्यार्थीहरूको रहेको पाइन्छ । त्यसैगरी झण्डै एकचौथाई भन्दा पनि कम मात्रामा विद्यार्थीहरू दैनिक विहान बेलुका १-१.५ घण्टा आफ्नो लेखाइ पढाइमा खर्च गर्ने अभिमत समेत पाइन्छ । निकै धेरै विद्यार्थीहरू फुर्सद भएमा मात्र विहान बेलुका पढाइ लेखाइ गर्ने गरेको राय राख्दछन् । यथार्थमा उनीहरूले फुर्सद नै नपाएकोले विहान बेलुका पढ्न नपाउने भएकोले विद्यालयको सिकाइले मात्रै परीक्षामा सिकाइ उपलब्धिस्तर सन्तोषजनक हुन नसकेको अनुभूति हुन्छ ।

### ४.६.६ नियमित विद्यालय उपस्थिति र सिकाइमा सहभागीता

तालिका १७ **नियमित विद्यालय उपस्थिति र सिकाइमा सहभागीता**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | | |
|---|---|---|---|
| नियमित विद्यालय उपस्थिति र सिकाइमा सहभागीता | संख्या | प्रतिशत | कैफियत |
| विद्यालयमा नियमित उपस्थिति | २ | ८.३३ | |
| विद्यालयमा नियमित अनुपस्थिति | ६ | २५ | |
| विद्यालयमा भ्याएसम्म उपस्थिति | १३ | ५४.१६ | |
| विद्यालयमा प्रायः उपस्थिति | ३ | १२.५ | |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणले दलित बालबालिकाहरूको प्रतिकुल घरायासी वातावरण, गरिबी, सामाजिक-सांस्कृतिक पछौटेपन, आर्थिक विपन्नता आदि कारणले नियमित विद्यालय उपस्थितिमा कमजोर रहेको देखिन्छ । यसरी राय व्यक्त गर्ने आधा भन्दा बढी संख्या रहेको छ भने नियमित विद्यालय जानेहरूको संख्या निक्कै कम रहेको पाइन्छ । त्यसमा पनि छात्राहरूको नियमित उपस्थिति अत्यन्तै कम हुने राय समेत छलफलका क्रममा पाइयो । विद्यालयमा नियमित नजानेहरूको संख्या झण्डै एक चौथाई रहेको पाइन्छ । प्रायः जाने भन्नेहरूको राय पनि निकै कम रहेको विवरणले देखाउँछ । लक्षित समूह छलफलको क्रममा दलित विद्यार्थीहरूको तुलनामा गैरदलित विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थितिको अवस्था

केही सकारात्मक रहेको भन्ने राय समेत व्यक्त भएको पाइयो । दलित छात्राहरूको नियमित विद्यालय उपस्थिति र सिकाइमा समेत कम सहभागीता हुने गरेको राय अधिकांश नमूना छनौटमा परेका सहभागीहरूको रहेको पाइन्छ ।

### ४.६.७ सिकाइ उपलब्धिस्तर अभिबृद्धि गराउने तत्वहरू

तालिका १८ **सिकाइ उपलब्धिस्तर अभिबृद्धि गराउने तत्वहरू**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २४ | | |
|---|---|---|
| सिकाइ उपलब्धिस्तर अभिबृद्धि गराउने तत्वहरू | संख्या | प्रतिशत |
| छात्रवृत्तिको पर्याप्त व्यवस्था | ७ | २९.१६ |
| सुदृढ आर्थिक क्षमता | १३ | ५४.१६ |
| पढाईमा पर्याप्त समय दिनु | ३ | १२.५ |
| व्यक्तिगत क्षमता | १ | ४.१६ |

स्रोत:स्थलगत अध्ययन, २०६६

माथिको विवरणलाई विश्लेषण गर्दा दलित विद्यार्थीहरूमा सिकाइ उपलब्धि अभिबृद्धि गराउने तत्वहरूमध्ये गरिवीबाट मुक्त आर्थिक स्तर नै कारक तत्वको रुपमा रहेको भन्ने नमूना छनौटमा परेका आधा भन्दा बढी अभिमत रहेको पाइन्छ । उचित, पर्याप्त छात्रवृत्तिको उपलब्धता हुनु पर्ने राय व्यक्त गरेका छन् । आफूलाई सिकाइ उपलब्धि अभिबृद्धि गर्न चाहिने विभिन्न किसिमका पर्याप्त छात्रवृत्ति उपलब्ध गराइने हो भने आफूहरू पनि गैरदलित विद्यार्थीहरू सरह वा सोभन्दा बढी सिकाइ उपलब्धि हासिल गर्न सक्ने राय छलफनमा समेत सहभागीहरूले व्यक्त गरेका पाइन्छन् । सिकाइमा पर्याप्त समय दिन सक्दा उच्चस्तरको सिकाइ उपलब्धि हासिल हुने राय पनि निक्कै ठूलो मात्रामा रहेको पाइन्छ । घरायासी समस्या, आर्थिक कठिनाई, सामाजिक, सांस्कृतिक पछौटेपनका कारणले पनि उनीहरू विद्यालयको अध्ययन एवम् घरमा गरिने अध्ययनमा पर्याप्त समय दिन नसक्नाले सिकाइ उपलब्धि कमजोर रहेको सहभागीहरूले अनुभूति गरेको पाइन्छ । सिकाइ उपलब्धि अभिबृद्धि गर्ने तत्वहरूमा व्यक्तिगत क्षमता भन्नेहरूको अभिमत सानो मात्रामा पाइन्छ ।

### ४.६.८ दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धि गर्ने अन्य शैक्षिक कार्यक्रमहरू

उक्त परीक्षाको दलित-गैरदलित विद्यार्थीहरूले हासिल गर्ने सिकाइ उपलब्धि अभिबृद्धि गर्न के कस्ता थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक हुन्छ भनी नमूना छनौटमा परेका विद्यार्थीहरूसँगको खुल्ला छलफलको निष्कर्ष यस्तो रहेको छ ।

> *छात्रवृत्तिको पर्याप्त व्यवस्था सहित अतिरिक्त कक्षाको प्रबन्ध गरिनु पर्दछ । अभिभावकहरूका निम्ति शैक्षिक चेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । कार्यमुलक अनौपचारिक कक्षा सञ्चालनका साथ सामाजिक न्यायको स्थापना, समानता र समताका नीति अवलम्बन गरिनु पर्दछ । अभिभावक शिक्षामा जोड दिइ भेदभावलाई पूर्णत अन्त्य गरिनु पर्दछ । उनीहरूका परम्परागत सीप, कौशललाई सबै पक्षबाट उचित सहयोगी वातावरण निर्माण गरिनु पर्दछ । विशेष सिकाइ आवस्यकता भएकाहरूका निम्ति थप प्रोत्साहनमुलक कार्यक्रमको सञ्चालन एवम् सिकाइ वातावरण सिकाइमैत्री,दलितमैत्री हुनु पर्दछ ।*

स्रोतः लक्षित समूह छलफल

## ४.७ प्र.अ.हरूको राय विवरण एवम् विश्लेषण

### ४.७.१ विद्यालयमा विद्यार्थीहरूप्रति गरिने व्यवहार

तालिका १९ **विद्यार्थीहरूप्रति गरिने व्यवहार**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या ६ | | |
|---|---|---|
| विद्यालयमा विद्यार्थीहरूप्रति गरिने व्यवहार | संख्या | प्रतिशत |
| समान | ५ | ८३.३३ |
| भेदभावपूर्ण | X | X |
| समतामूलक | १ | १६.६६ |
| वेवास्ता | X | X |

स्रोतःस्थलगत अध्ययन, २०६६

माथिको विवरणको आधारमा विद्यालयले विद्यार्थीप्रति विना भेदभाव समानताको आधारमा व्यवहार गर्ने अधिकांश प्र.अ.हरू अभिमत रहेको पाइन्छ । भेदभाव गरिनु कानुनी रुपमा दण्डनीय हुनाले यस्तो व्यवहार नगरिएको हो । नमूना छनौटका सहभागीहंको मत

अनुसार भेदभावपूर्ण र वेवास्ता भन्नेहरूको अभिमत सुन्य रहेको पाइन्छ । सकारात्मक विभेदीकरणको नीति राज्यले सञ्चालन गरिरहेको सन्दर्भमा उनीहरूलाई वेवास्ता नगरिएको हो भन्ने अभिमत रहेको पाइन्छ । त्यसैगरी, गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीहरूको सांस्कृतिक, सामाजिक, एवम् आर्थिक पछौटेपन आदि कारणले गर्दा उनीहरूलाई सकारात्मक विभेदीकरणको नीति समतामूलक (Equity) व्यवहार गरिने गरेको भन्ने अभिमत रहेको पाइन्छ ।

## ४.७.२ पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलापको अवस्था

तालिका २० **पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या ६ | | | |
|---|---|---|---|
| पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलापको अवस्था | संख्या | प्रतिशत | कैफियत |
| दलितमैत्री रहेको | ४ | ६६.६६ | |
| दलितमैत्री नरहेको | X | X | |
| सबैका निम्ति उचित | २ | ३३.३३ | |
| थाहा छैन | X | X | |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त अनुसार विगतका विद्यालय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा देखिएको कतिपय जातीय भेदभावयुक्त, लैंगिक भेदभावयुक्त, सन्दर्भसामग्रीहरू हालको पाठ्यक्रममा संशोधन गरी सबैखाले भेदभावमुक्त बनाइ प्रकाशन गर्ने गरिएको पाइन्छ । नमूना छनौटमा परेका अत्यधिक सहभागीहरूले विद्यालयतहको पाठ्यक्रम-पाठ्यपुस्तक र सिकाइ क्रियाकलाप भेदभावरहित, समानताको व्यवहार गरिने गरिएको कसैका निम्ति पनि पूर्वाग्रही नरहेको भन्ने अभिमत अत्यधिक रहेको पाइन्छ । त्यसैगरी, उचित एवम् अनुकूल भएको भन्नेहरूको संख्या पनि उल्लेख्य रहेको पाइन्छ । जब सबैका निम्ति उचित एवम् सकारात्मक हुन्छ भने त्यो दलित विद्यार्थीका निम्ति पनि प्रतिकुल हुने प्रश्नै उठ्दैन । सकारात्मक विभेदीकरणको नीति अन्तरगत दलित विद्यार्थीहरूका निम्ति विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रमहरूको सञ्चालन एवम् सबै क्रियाकलापहरूमा समान सहभागीता समेतले पाठ्यक्रम र सिकाइ क्रियाकलाप दलित विद्यार्थीका निम्ति अनुकुल रहेको मान्न सकिन्छ ।

### ४.७.३ विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि स्तर

तालिका २१ **विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि स्तर**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या ६ | | |
|---|---|---|
| उक्त परीक्षामा सामेल विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि स्तर | संख्या | प्रतिशत |
| गैरदलित-दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर राम्रो | X | X |
| दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर गैरदलित तुलनामा न्यून | ६ | १०० |
| दुवैको उपलब्धि स्तर उस्तै-उस्तै | X | X |
| उपलब्धि स्तर परीक्षार्थीको वैयक्तिक क्षमतामा भर पर्ने | X | X |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त तथ्यले सिकाइ उपलब्धिको विवेचना गर्दा नमूना छनौटमा परेका ६ जना नै सहभागीहरूले दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि स्तरभन्दा न्यून रहेको भन्ने अभिमत राखेको पाइन्छ । गत ५ शै.स.को समग्रतामा विश्लेषण गरी आ-आफ्नो विद्यालयको यथार्थ अवस्था उल्लेख गर्ने सन्दर्भमा उक्त अभिमत राखेको पाइन्छ । उक्त परीक्षामा कुनै वर्ष केही प्रतिशत उच्च सिकाइ उपलब्धि र केही वर्ष न्यून सिकाइ उपलब्धि स्तर रहन गएको पाइन्छ । तर दलित-गैरदलित विद्यार्थीहरूको तुलनात्मक सिकाइ उपलब्धिको विवेचना गर्दा करिब १० प्रतिशतले गैरदलित विद्यार्थीको उक्त सिकाइ उपलब्धिस्तर अधिक रहेको अभिमत राखेको पाइन्छ । विद्यालयको व्यवहार समान, शैक्षिक कार्यक्रममा उचित सहभागीता, शिक्षण सिकाइ क्रियाकलापमा प्रोत्साहन गर्ने गरिए तापनि आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध पक्षहरूको नकारात्मक प्रभाव स्वरुप सिकाइ उपलब्धिस्तरमा दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि गैरदलित विद्यार्थीहरूको तुलनामा न्यून रहेको पाइन्छ ।

### ४.७.४ दलित विद्यार्थीलाई उपलब्ध गराइएका छात्रवृत्ति तथा प्रोत्सहनात्मक कार्यक्रमको योगदान

तालिका २२ **हाल उपलब्ध गराइएका छात्रवृत्ति तथा प्रोत्सहनात्मक कार्यक्रमको योगदान**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या ६ | | |
|---|---|---|
| छात्रवृत्ति तथा प्रोत्सहनात्मक कार्यक्रमको योगदान | संख्या | प्रतिशत |
| पर्याप्त | X | X |
| अपर्याप्त | २ | ३३.३३ |
| थप व्यवस्था गरिनु पर्ने | ४ | ६६.६६ |
| थाहा छैन | X | X |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणको आधारमा हाल दलित विद्यार्थीहरूका निम्ति उपलब्ध गराइएका छात्रवृत्ति लगायत अन्य प्रोत्साहानात्मक शैक्षिक कार्यक्रमहरूको सकारात्मक प्रभाव पारेको पाइन्छ । विगत समयमा सकारात्मक विभेदीकरणको नीतिलाई वेवास्ता गर्दै केवल समानताको नीतिलाई मात्रै आत्मसात गरिएबाट दलितवर्गको शिक्षामा पहुँच एवम् सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्न नसकेको महसुस गरेर त्यस्ता वर्गलाई छात्रवृत्ति लगायतका शैक्षिक प्रोत्साहनात्मक कार्यहरू हाल सञ्चालित छन् । तर, ती पर्याप्त छैनन् भन्नेहरूको अभिमत उल्लेख्य रहेको पाइन्छ । सरोकारवालाहरूसँग अन्तरक्रिया गरी के कस्ता, कसका निम्ति कार्यक्रम उपलब्ध गराइनु फलदायी हुन्छ भनी वृहत छलफल गरेर स्पष्ट मापदण्ड निर्धारण गरी थप छात्रवृत्ति तथा शैक्षिक प्रोत्साहनात्मक कार्यक्रमहरूको प्रबन्ध गरिनु पर्दछ भन्नेहरूको अभिमत पनि निकै ठूलो संख्यामा रहेको पाइन्छ । त्यसले मात्रै लक्षित समुदायलाई सहयोग गरिएको आत्मानुभूति गर्न सक्दछ भन्ने राय अन्तरक्रियाको क्रममा समेत व्यक्त गरिएको पाइन्छ । त्यसैगरी, हाल उपलब्ध गराइएको छात्रवृत्ति लगायतका प्रोत्साहनात्मक कार्यक्रम नै पर्याप्त भन्नेहरूको अभिमत सुन्य रहेको साथै सो बारे थाहा नभएको भन्नेहरूको राय समेत सुन्य नै रहेको पाइन्छ । सारमा दलित बालबालिकाहरूको सिकाइ सहयोगका निम्ति हाल उपलब्ध गराइएको छात्रवृत्ति एवम् सहयोगात्मक कार्यलाई थप सुधार सहित बढोत्तरी गरिनु पर्दछ भन्ने अभिमत रहेको पाइन्छ ।

## ४.७.५ दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धि गर्न आगामी समयमा गरिनु पर्ने कार्यहरू

तालिका २३ **सिकाइ उपलब्धि अभिबृद्धि गर्न आगामी समयमा गरिनु पर्ने कार्यहरू**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या ६ | | |
|---|---|---|
| सिकाइ उपलब्धि अभिबृद्धि गर्न आगामी दिनमा गरिनु पर्ने कार्य | संख्या | प्रतिशत |
| दलित अभिभावकको आर्थिक अवस्थामा सुधार | ३ | ५० |
| छात्रवृत्ति लगायत थप प्रोत्साहनात्मक कार्यक्रम सञ्चालन | २ | ३३.३३ |
| भेदभावरहित समान व्यवहार | X | X |
| शिक्षण सिकाइमा थप प्रभावकारिता | १ | १६.६६ |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणको चर्चा गर्दा नमूना छनौटका सहभागीहरूको मत अनुसार अधिकांश दलित विद्यार्थीका अभिभावकहरूमा व्याप्त गरिवी,आफ्ना बालबालिकाहरूको सिकाइप्रतिको उदासीनताले गर्दा सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पर्न गएको हो । तसर्थ, दरिलो आर्थिक एवम् सामाजिक स्तरले विकासका प्रायः सबै ढोका खुल्ने भएकोले उक्त तथ्यबाट दलित समुदाय विमुख रहन गएको देखिन्छ । विद्यालयले अभिभावकहरूको आर्थिक सुधारका निम्ति कार्य गर्न नसके तापनि उक्त कार्य गर्ने दिशातर्फ उत्प्रेरित गर्न सक्दछ । बचत गर्ने,सहकारी खेती गर्ने, स-साना घरेलु व्यवसायहरूलाई प्रोत्साहन गर्नेखालको वातावरण निर्माण गर्न, कार्यमूलम अनौपचारिक कक्षा सञ्चालन, समुदाय परिचालन, सचेतना कार्यक्रम सञ्चालन, लघु बचत कार्यक्रम जस्ता गरिबी न्यूनीकरण गर्ने कार्यतर्फ सरोकारवालाको ध्यानाकर्षण गराउँदै समुदायलाई परिचालन गर्न विद्यालयको भूमिका रहन सक्दछ । दलित समुदायको आर्थिक अवस्थामा सुधार आई आफ्ना बालबालिकाहरूको पढाइ लेखाइप्रति समय एवम् ध्यान दिन सक्दछन् । सकारात्मक विभेदीकरणको सिद्धान्त अनुसार उपलब्ध गराइँदै आएका छात्रवृत्ति लगायत शैक्षिक प्रोत्साहनात्मक कार्यक्रमहरू उचित भए तापनि पर्याप्त नभएकोले सरोकारवालाहरूको सहभागीतामा थप कार्यक्रम गरिनु पर्ने राय झण्डै एकतिहाई सहभागीहरूको अभिमत रहेको पाइन्छ । विद्यालयमा भेदभावरहित समान व्यवहार गरिनुपर्ने पक्ष महत्वपूर्ण रहेको छ । त्यस किसिमका समस्याहरू छनौटमा परेका विद्यालयहरूमा नरहेकोले

गर्दा त्यसतर्फको अभिमत व्यक्त भएको पाइएन । कक्षा कोठाका शिक्षण सिकाइलाई अझ बढी सिकारुमैत्री, दलितमैत्री बनाउँदै थप उत्प्रेरित गर्ने गरी शिक्षण सिकाइलाई प्रभावकारी सञ्चालन गर्ने गरिनु पर्दछ भन्नेहरूको अभिमत पनि उल्लेख्य रहेको पाइन्छ ।

## ४.७.६ परीक्षामा दलित विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्न सरकारी एवम् गैससले सञ्चालन गरिनु पर्ने थप शैक्षिक कार्यक्रमहरू

उपरोक्त सन्दर्भमा नमूना छनौटमा परेका सहभागीको लक्षित समूहमा छलफल गरिँदा हालका शैक्षिक कार्यक्रमहरू सकारात्मक रहेको तथा त्यत्तिकै मात्रा र किसिम पर्याप्तता देखिँदैन । त्यसका निमित्त एका तर्फ सञ्चालित कार्यक्रमहरूको अध्यावधिक मूल्यांकन गरी संशोधनसहित प्रभावकारी कार्यान्वयन गरिनु आवश्यक छ भने अर्कोतर्फ थप शैक्षिक कार्यक्रमहरू सरोकारवालाहरूको सहभागीतामा निर्माण गरी अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनु पर्दछ भन्ने राय यस्तो रहेको पाइयो ।

> *छात्रवृत्तिको उचित र पर्याप्त व्यवस्था सहित अतिरिक्त कक्षाको प्रबन्ध हुनु पर्दछ ।अभिभावकहरूका निम्ति गरिबी निवारण कार्यक्रमको प्रभावकारी सञ्चालन गरिनु पर्दछ ।त्यसका निम्ति कार्यमुलक अनौपचारिक कक्षा सञ्चालन,जागरण कार्यक्रमको सञ्चालन,सामाजिक न्यायको स्थापना साथै समानता एवम् समताको नीति अबलम्बन गरिनु पर्दछ । सरकारी नीति दलित मैत्री हुनु पर्ने,अभिभावक शिक्षामा जोड दिनु पर्ने, भेदभावको पूर्ण अन्त्य गरिनु पर्दछ । उनीहरूका परम्परागत पेशा,सीप कौशललाई सबै पक्षबाट उन्नयनका निम्ति सहयोगी वातावरण निर्माण गरिनु पर्दछ । उक्त समुदायका विशेष सिकाइ आवस्यकता भएकाहरूका निम्ति थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन, छात्राशिक्षामा जोड दिइनुका साथै सिकाइ वातावरण सिकारुमैत्री वा दलितमैत्री हुनु पर्दछ ।*

स्रोतः लक्षित समूह छलफल

म्याक्स वेवर (सन् १८६४-१९२०)का अनुसार, समाजमा शक्ति, सम्पत्ति एवम् प्रतिष्ठाका निम्ति समाजमा तानातान भइरहेको हुन्छ । उपरोक्त ३ वटै पक्षमा पहुँच एवम् सामर्थ्य राख्ने व्यक्ति वा समाजको सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक हैसियत उच्च बन्न पुग्दछ । सोबाट वञ्चित व्यक्ति वा समाजको सामाजिक हैसियत न्यून रहन गई समाजमा विभेदीकरणको अवस्था सिर्जना हुन पुग्दछ । फलस्वरुप उक्त न्यून वा तल्लो सामाजिक स्तरमा रहन विवश

भएका व्यक्ति वा समूहको शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक आदि अवस्था कमजोर बन्न पुग्दछ । नमूनामा छनौट भएका विद्यालयहरूका अधिकांश अभिभावकहरू उपरोक्त ३ वटै पक्षबाट समाजका अन्य व्यक्ति वा समूहको भन्दा कमजोर सामाजिक अवस्था रहेबाट उनीहरूले आफ्ना बालबालिकाहरूको निम्ति शैक्षिक लगानी,सामाजिक अन्तरक्रियामा सहभागीता एवम् भौतिक लगानी गर्न असमर्थताले गर्दा आफ्ना बालबालिकाहरूको विद्यालय तहको शिक्षामा खासगरी निम्न माध्यमिक तह उत्तीर्ण परीक्षामा प्राप्त औसत सिकाइ उपलब्धि न्यून रहन गएको देखिन्छ । शक्ति, सम्पत्ति र प्रतिष्ठामा परिवर्तन आउनासाथ विभेदीकरण पनि स्वतः परिवर्तन आई सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने भएकोले उक्त कार्य गर्ने तर्फ समाज, राज्यको पर्याप्त चासो एवम् जिम्मेवारी बोधको अपेक्षा राख्न गरिन्छ । तसर्थ नमूना छनौटमा परेका विद्यालयहरूको अधिकांश अभिभावकहरूको शक्ति, सम्पत्ति र प्रतिष्ठामा रहेको न्यून पहुँच बाट सामाजिक, शैक्षिक, राजनीतिक लगायत आदि पक्षमा सकारात्मक विकास हुन नसकेकोले प्रभाव स्वरुप उनीहरूका बालबालिकाहरूको उक्त परीक्षामा सिकाइ उपलब्धि न्यून रहेको भन्ने देखिन्छ । उपरोक्त तथ्य ओली,(२०६२) औलाएको उक्त तथ्य यहाँ हाम्रो सनदर्भमा समेत मिल्न गएको पाइन्छ । यद्यपी दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिको सापेक्षतामा गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि केही उच्च रहेको पाइएता पनि यसलाई सन्तुष्ठिको रुपमा लिइनु हुँदैन ।

## ४.८ स्रोतव्यक्तिहरूको अभिमतको विवेचना

### ४.८.१ दलित बालबालिकाहरूको नि.मा.तहमा सहभागिता

तालिका २४ **विद्यालयमा सहभागिता**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २ | | |
|---|---|---|
| नि.मा.तहका सोही उमेर समूहका दलिते विद्यालयमा सहभागीता | संख्या | प्रतिशत |
| न्यून | X | X |
| मध्यम | २ | १०० |
| उच्च | X | X |
| उमेर समूहका दलित जनसंख्याको आधारमा ठिकै | X | X |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणका आधारमा नमूना छनौटमा परेका स्रोतव्यक्तिहरूले सुपरिवेक्षण गर्ने स्रोतकेन्द्र भित्रका सामुदायिक नि.मा.वि.हरूमा सेवा क्षेत्र भित्र बसोबास गर्ने दलित बालबालिकाहरू मध्ये सो तहको उमेर समूहका बालबालिकाहरूको विद्यालयमा आंशिक सहभागीता रहेको पाइन्छ । अर्थात् नि.मा.वि.जानु पर्ने उमेर समूहका करिव आधाभन्दा बढी संख्या विद्यालय गइरहेका राय व्यक्त गरेको पाइन्छ । प्राथमिक तह पार गरेता पनि आर्थिक,सामाजिक, सांस्कृतिक आदि विविध पक्षमा कमजोरीबाट नि.मा.वि., तहको शिक्षामा एकातर्फ थोरै मात्र दलित बालबालिकाहरूको सहभागीता हुने गरेको पाइन्छ । भर्ना भएका मध्ये पनि वीचैमा कक्षा छोडी अर्थोपार्जनका अन्य क्षेत्रतर्फ लाग्ने गरेको अभिमत अन्तरक्रियाको क्रममा सहभागीहरूले व्यक्त गरेको पाइन्छ । सरकारले एकातर्फ माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रबन्ध गर्नुका साथै लक्षित समूहका निम्ति सकारात्मक विभेदीकरणको नीति अनुरुप छात्रवृत्ति, पोसाक लगायतका प्रोत्साहनमुलक शैक्षिक कार्यक्रमहरू कार्यन्वयन भइरहेको वर्तमान सन्दर्भमा सबै नि.मा.वि. उमेर समूहका दलित बालबालिकाहरूको सत् प्रतिशत सहभागीता नहुनु चिन्ताको विषय हो ।

## ४.८.२ विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण

तालिका २५ **विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २ | | |
|---|---|---|
| परीक्षामा विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण | संख्या | प्रतिशत |
| दलित विद्यार्थीको सिकाइ उपलब्धि न्यून | X | X |
| गैरदलित र दलित विद्यार्थीको सिकाइ उपलब्धि उस्तै-उस्तै | X | X |
| गैरदलित विद्यार्थीको सि.उ.को तुलनामा दलित विद्यार्थीको सि.उ. न्यून | २ | १०० |
| सिकाइ उपलब्धि व्यक्तिगत क्षमतामा निर्भर | X | X |

स्रोतःस्थलगत अध्ययन, २०६६

उक्त परीक्षाको सिकाइ उपलब्धिको विश्लेषण गर्दा नमूना छनौटका २ जना सहभागीहरूले दलित विद्यार्थीको सिकाइ उपलब्धि स्तर गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि स्तरभन्दा न्यून रहेको भन्ने अभिमत राखेको पाइन्छ । परीक्षामा कुनै वर्ष केही प्रतिशत उच्च सिकाइ उपलब्धि र केही वर्ष न्यून सिकाइ उपलब्धि स्तर रहन गएको तर दलित-गैरदलित

विद्यार्थीहरूको तुलनात्मक सिकाइ उपलब्धिको विवेचना गर्दा करिब १० प्रतिशतले गैरदलित विद्यार्थीको उक्त परीक्षामा सिकाइ उपलब्धिस्तर माथि रहेको सहभागीहरूले अभिमत राखेको पाइन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध पक्षहरूको कमजोरीका कारणले गर्दा परीक्षाको औसत सिकाइ उपलब्धि स्तरमा दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर भन्दा गैरदलित विद्यार्थीहरूको उच्च रहन गएको पाइन्छ ।

### ४.८.३ विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था

तालिका २६ **शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| | | | प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २ |
|---|---|---|---|
| विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था | संख्या | प्रतिशत | कैफियत |
| वेवस्ता | X | X | |
| भेदभावपूर्ण | X | X | |
| समान | २ | १०० | |
| समता मूलक | X | X | |

स्रोत:स्थलगत अध्ययन, २०६६

माथिको विवरणको आधारमा विद्यालयले दलित एवम् गैरदलित विद्यार्थीप्रति भेदभाव रहित समानताको आधारमा व्यवहार गर्ने गरेको भन्ने स्रोतव्यक्तिहरूको सत प्रतिशत अभिमत रहेको पाइन्छ । भेदभाव गरिनु कानुनी रुपमा दण्डनीय हुने भएको हुनाले यस्तो व्यवहार गरिएको हो । नमूना छनौटमा परेकाहरूको मत अनुसार भेदभावपूर्ण र वेवास्ता भन्नेहरूको अभिमत सुन्य रहेको पाइन्छ । सकारात्मक विभेदीकरणको नीति अनुसार राज्यले उनीहरूलाई प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा वेवास्ता नगरिएको हो भन्ने अभिमत रहेको पाइन्छ ।

## ४.८.४ हालको पाठ्यक्रम एवम् शिक्षण सिकाइ क्रियाकलापको अवस्था

तालिका २७ **पाठ्यक्रम एवम् शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २ | | |
|---|---|---|
| हालको पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलापको अवस्था | संख्या | प्रतिशत |
| दलितमैत्री | १ | ५० |
| दलितअमैत्री | X | X |
| सबैका निम्ति समान | १ | ५० |
| थाहा छैन | X | X |

स्रोतःस्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणका अनुसार विगतका विद्यालय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा यदकदा देखिएको जातीय भेदभाव, लैंगिक भेदभाव, सन्दर्भसामग्रीहरू हालको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा संशोधन गरी सबैखाले जातीयअमैत्री, लैंगिकअमैत्री मुक्त पारी प्रकाशन गर्ने गरिएको पाइन्छ । नमूना छनौटमा परेका आधा सहभागीहरूले विद्यालयतहको पाठ्यक्रम-पाठ्यपुस्तक र शिक्षण सिकाइ क्रियाकलाप भेदभावरहित, समानताको व्यवहार गरिने गरिएको तथा सबैका निम्ति उचित एवम् सकारात्मक हुन्छ भने त्यो दलित समुदायका निम्ति पनि प्रतिकूल हुने प्रश्नै उठ्दैन । तसर्थ, वर्तमान पाठ्यक्रम दलित समुदायको निम्ति उचित वा मैत्रीपूर्ण रहेको भन्नेहरूको अभिमत पनि आधा रहेको पाइन्छ । सकारात्मक विभेदीकरण नीति अनुसार दलित विद्यार्थीहरूका निम्ति विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रम एवम् सबै क्रियाकलापहरूमा समान सहभागीता समेतले पाठ्यक्रम र शिक्षण सिकाइ क्रियाकलाप दलित विद्यार्थीका निम्ति अनुकुल रहेको मान्न सकिन्छ ।

### ४.८.५ हाल सञ्चालित शैक्षिक कार्यक्रमहरूले दलित विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धिमा पुऱ्याएको योगदान

तालिका २८ **दलित विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धिमा पुऱ्याएको योगदान**

| | | |
|---|---|---|
| प्रतिक्रिया दिनेहरूको जम्मा संख्या २ | | |
| हाल सञ्चालित शैक्षिक कार्यक्रमहरूले दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धिमा पुऱ्याएको योगदान | संख्या | प्रतिशत |
| पर्याप्त | X | X |
| अपर्याप्त | १ | ५० |
| थप व्यवस्था आवश्यक | १ | ५० |
| थाहा छैन | X | X |

स्रोत:स्थलगत अध्ययन, २०६६

उपरोक्त विवरणको आधारमा हाल दलित विद्यार्थीहरूका निम्ति उपलब्ध गराइएका छात्रवृत्ति लगायत अन्य प्रोत्साहनात्मक शैक्षिक कार्यक्रमहरूलाई सकारात्मक प्रभाव पारेको पाइन्छ । विगतमा सकारात्मक विभेदीकरणको नीति ख्याल नगरी केवल समानताको नीति मात्रै आत्मसात गरिएबाट पिछडिएको समुदायको शिक्षामा पहुँच एवम् उपलब्धिमा सकारात्मक प्रभाव पार्न नसकेको महसुस गरेर त्यस्ता वर्गलाई विभिन्न किसिमका छात्रवृत्ति लगायतका शैक्षिक प्रोत्साहनात्मक कार्यहरू हाल सञ्चालन भएता पनि ती पर्याप्त छैनन् भन्नेहरूको अभिमत आधा रहेको पाइन्छ । त्यसका निम्ति सरोकारवालाहरूसँग अन्तरक्रिया गरी के कस्ता कार्यक्रम, कसका निम्ति उपलब्ध गराइनु फलदायी हुन्छ भनी वृहत छलफल गरेर स्पष्ट मापदण्ड निर्धारण गरी थप छात्रवृत्ति लगायतका शैक्षिक कार्यक्रमहरूको प्रबन्ध गरिनु पर्दछ भन्नेहरूको अभिमत पनि आधा रहेको पाइन्छ । त्यसले लक्षित समुदायले वास्तवमै प्राप्तिको आत्मानुभूति गर्न सक्दछ भन्ने राय अन्तरक्रियाको क्रममा समेत व्यक्त गरिएको पाइन्छ । त्यसैगरी, हाल उपलब्ध गराइएको छात्रवृत्ति लगायतका प्रोत्साहनात्मक कार्यक्रम नै पर्याप्त भन्नेहरूको अभिमत सुन्य रहेको साथै सो बारे थाहा नभएको भन्नेहरूको राय समेत सुन्य नै रहेको पाइन्छ ।

### ४.८.६ परीक्षामा दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धि गर्न अवलम्वन गर्नु पर्ने उपायहरू

उपरोक्त सन्दर्भमा नमूना छनौटमा परेका सहभागीहरूसँगको खुल्ला विचार व्यक्त गर्ने ध्येयले लक्षित समूह छलफल गरिँदा हालका शैक्षिक कार्यक्रमहरू आफैमा सकारात्मक रहनुका साथै त्यत्तिकै मात्रा र किसिममा पर्याप्तता भने देखिँदैन । त्यसका निमित्त सञ्चालित कार्यक्रमहरूको अध्यावधिक मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयन गरिनु एकातर्फ आवश्यक छ भने अर्कोतर्फ नयाँ शैक्षिक कार्यक्रमहरू सरोकारवालाहरूको सहभागीतामा प्रभावकारी ढंगले कार्यान्वयन गरिनु पर्दछ भन्ने अभिमतको मुलभूत तथ्य रहेको पाइन्छ ।

> *अभिभावकहरूमा शैक्षिक चेतना अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनुका साथै अवसरमा समानता, समताको व्यवहारिक कार्यन्वयन गरिनु पर्दछ । उनीहरूमा अतिरिक्त कक्षाको प्रबन्ध,छात्रवृत्तिको पर्याप्त व्यवस्था,गरिबी निवारण कार्यक्रमहरूको प्रभावकारी सञ्चालन, जीवनपयोगी सीप हासिल गर्ने थप नयाँ विषयहरू समाविष्ट गरी कार्यमूलक अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । सामाजिक कुसंस्कार हटाउन सचेतनामूलक नयाँ कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । सफलताका उदाहरणहरूको आत्मसात गराउने उद्देश्यले अवलोकन भ्रमण कार्यक्रमहरूको प्रबन्ध गरिनु पर्दछ । सरकारी नीति अझ दलितमैत्री हुनु पर्दछ । अभिभावक शिक्षामा थप जोड दिइनु पर्दछ । उनीहरूको परम्परागत सीप, कौशललाई पहिचान गर्दै आधुनिकीकरण गर्न राज्यबाट मद्दत गर्ने नीति कार्यक्रम ल्याउनु पर्दछ । उक्त समुदायका विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ । शिक्षकको शिक्षण व्यवहार समान, भेदभावरहित, सिकाइ वातावरण दलितमैत्रीका साथ सिकारुमैत्री, समतामूलक एवम् समावेशी हुनु पर्दछ ।*

स्रोतः लक्षित समूह छलफल

अब्राहम मस्लो (सन् १९४३) ले अभिप्रेरणा सम्बन्धी सिद्धान्तको प्रतिपादन गरेका थिए । आवश्यकता बिना मानिसले कुनै काम गर्न क्रियाशिलता देखाउँदैन । त्यसका लागि उसलाई उत्प्रेरित गर्ने क्रियाकलापहरू गरिनुपर्दछ । मानिसका प्रशस्त इच्छा, आवश्यकता एवम् चाहनाहरू हुन्छन् । एक आवश्यकताको परिपूर्ति पश्चात अर्को आवश्यकता स्वतः थप हुँदै जान्छ । मानिसका कुनै चाहना पूरा हुन सक्छन् तर चाहनाको पूर्णता कहिल्यै हुँदैन जुन प्राप्तीका लागि मानिस उत्प्रेरित हुने गर्दछ । निम्न स्तरका धेरै (शारीरिक, सुरक्षा एवम् सामाजिक) आवश्यकताहरूको परिपूर्ति पछि प्राथमिकता क्रमका आधारमा उच्च स्तरका

आवश्यकता परिपूर्तिका निम्ति मानिस अभिप्रेरित हुँदै जान्छ भन्ने कुरा उनले उल्लेख गरेका छन् । यहाँ हाम्रो सन्दर्भमा दलित अभिभावकहरू आफ्ना आधारभूत तहका आवश्यकता परिपूर्तीमा नै रुमलिनु पर्ने वाध्यताका कारणले गर्दा उनीहरूका निम्ति आफ्ना बालबालिकाहरूको नि.मा., मा. तहका शिक्षा र उच्च सिकाइ उपलब्धिस्तर खासै प्राथमिकतामा परेको पाइदैन । उनीहरूमा व्याप्त गरिबी, राजनैतिक, सामाजिक, सांस्कृतिक पछौटेपन, अचेतना आदिका कारणले उनीहरूले उपल्लो तहको शिक्षा प्राप्त गर्न कम उत्प्रेरित भएको पाइन्छ । सामाजिक वर्णव्यवस्था अनुसार  कथित तल्लो तहको दलित समुदायका बालबालिकाहरू स्वयम् पनि अभिप्रेरणाको अभावले उच्च तहको शिक्षा प्राप्ति गर्ने र उच्च सिकाइ उपलब्धि हासिल गर्न उत्प्रेरित हुन विविध कारणले नसकेको अवस्था पाउन सकिन्छ । उनीहरूको परम्परागत पेशा, ज्ञान, सीपलाई आधुनिकरण गर्ने तर्फ सम्वद्ध पक्षले समेत उल्लेख्य कार्य गर्न नसकिरहेको सन्दर्भमा  नि.मा., मा. तह एवम् उच्च तहको शिक्षा र उच्च सि.उ. हाम्रो लागि होइन भन्ने भावनाले जरो गाडेको पाइन्छ । तसर्थ उनीहरूले उक्त पक्षलाई आवश्यकताको रुपमा स्वीकार गर्न नसकेकोले त्यसतर्फ उत्प्रेरित नभइ उच्च सिकाइ उपलब्धि प्राप्तिमा कठिनाइ भएको पाइन्छ । राज्यले सकारात्मक विभेदीकरणको नीति अनुरुप ल्याइएका विभिन्न किसिमका छात्रवृत्ति, आरक्षण लगायतका शैक्षिक कार्यक्रमहरूलाई अझ दलितमैत्री, सहभागितामूलक बनाइनु पर्ने, समानताका साथमा समतामूलक बनाइनु पर्ने, थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने जस्ता राय नमूना छनौटमा परेका सहभागीहरूले अन्तरक्रियाको क्रममा समेत अभिव्यक्त गरेको पाइन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष एवम् सुझावहरू

## ५.१ प्राप्ति

सामुदायिक विद्यालयहरूबाट उक्त परीक्षामा सहभागी भएका दलित एवम् गैरदलित विद्यार्थीको सिकाइ उपलब्धि विषयक यस शोधकार्यको क्रममा झापा जिल्लाका ६ वटा सामुदायिक (नि.मा.वि.,मा.वि. र उ.मा.वि.) विद्यालयहरूलाई नमूना क्षेत्रमा समेट्दै यो शोधकार्य सम्पादन गरिएको थियो । विभिन्न प्रकारका तथ्याङ्क संकलन फारमहरू तथा प्रतिक्रिया-सुझावहरू बुझ्ने क्रममा लक्षित समूह छलफल तथा प्रश्नावलीहरू शोधकार्यका क्रममा प्रयोग गरिएका थिए । प्राप्त तथ्याङ्कहरूलाई सांकेतीकरण तथा तालिकीकरण गरी सोको आधारमा गणितीय विधि प्रतिशतको प्रयोग एवम् व्याख्या गर्दै विभिन्न सिद्धान्तहरूसंग सन्दर्भिक गराउँदै व्याख्या गरी निचोडमा पुगिएको छ। शोधकार्यका मुख्य प्राप्तिहरू देहाय बमोजिम रहेको छ :

दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ४१.९२ प्रतिशत रहेको पाइन्छ । गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि भन्दा १०.७४ प्रतिशत उच्च रहेको पाइन्छ। उक्त परीक्षाको औसत सिकाइ उपलब्धि ४७.१५ प्रतिशत रहेको पाइयो। नमूना छनौट विद्यालयको सिकाइ उपलब्धिको विवेचना गर्दा गैरदलित विद्यार्थीको औसत सिकाइ उपलब्धि ५२.३९ प्रतिशत पाइन्छ। नमूनामा छनौट विद्यालयहरूको औसत सिकाइ उपलब्धि प्रत्येक शै.स.मा घटबढ भएको पाइन्छ । दलित अभिभावकहरूको वर्तमान शिक्षा पद्धतिप्रति पूर्णसन्तुष्ठि भएको पाइएन । विद्यालयले दलित एवम् गैरदलित विद्यार्थीप्रति सकारात्मक व्यवहार प्रदर्शन गरेको पाइन्छ। दलित विद्यार्थीको सिकाइ उपलब्धि गैरदलित विद्यार्थीहरूको तुलनामा न्यून रहेको पाइन्छ। हालको पाठ्यक्रम तथा शिक्षण सिकाइ क्रियाकलाप दलितका निम्ति अमैत्री नभएता पनि त्यसमा पूर्णसन्तुष्ठी मान्न सकिँदैन भन्ने अभिमत रहेको पाइन्छ। दलित अभिभावकहरूले आफ्ना बालबालिकाहरूको सिकाइप्रति चासो कम राख्ने गरेको, विद्यालयसंग सजीव सम्पर्क नगरिएको, दलित विद्यार्थीप्रति विद्यालयको व्यवहार समान रहेको पाइन्छ । दलित विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्न सरोकारवालाहरूले थप छात्रवृति सहित प्रोत्साहनमूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनु

पर्ने राय सहभागीहरूको रहेको पाइन्छ । दलित विद्यार्थीको घरायसी वातावरण सिकाइ प्रतिकूल भएको हुँदा बिहान बेलुका पढाइ लेखाइमा पर्याप्त समय दिन नसकेको पाइन्छ । गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको नियमित विद्यालय उपस्थितिको अवस्था कमजोर रहेको पाइन्छ । दलित विद्यार्थीका निम्ति उपलब्ध गराइएका छात्रवृत्ति लगायतका अन्य प्रोत्साहनमूलक कार्यक्रमहरूको पर्याप्तता अभाव रहेको पाइन्छ । सारंशमा भन्नु पर्दा उक्त परीक्षामा दलित विद्यार्थीहरूको सिकाइ उपलब्धि गैरदलित विद्यार्थीहरूको तुलनामा न्यून रहेको छ । जसका प्रमुख कारकतत्वमा गरिबी, सामाजिक सांस्कृतिक पछौटेपन, आफ्ना बालबालिकाहरूको सिकाइ प्रति कम चासो एवम् कम लगानी, थप शैक्षिक प्रोत्साहनमूलक कार्यक्रमको उचित प्रबन्धको अभाव आदि रहेको पाइन्छ । यद्यपि सबै विद्यार्थीहरू प्रति विद्यालयले गर्ने समान व्यवहार रहेको, पाठ्यक्रम एवम् शिक्षण सिकाइ क्रियाकलाप दलित विद्यार्थीका निम्ति प्रतिकूल नभएता पनि उनीहरूको सिकाइ उपलब्धि अभिबृद्धिका निम्ति पूर्ण सहायकसिद्ध नरहेको पाइन्छ । उनीहरूका निम्ति समानतामूलक व्यवहार पाइएता पनि पूर्ण समतामूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन अभाव भएको पाइयो ।

## ५.२ निष्कर्ष

यो शोधकार्य नमूना छनौटका ६ वटा सामुदायिक (नि.मा.,मा.वि. र उ.मा.वि.) विद्यालयहरूबाट लिइएको तथ्याङ्क, जि.शि.काको तथ्याङ्क एवम् नमूना छनौटमा परेका सहभागीहरूको अभिमतमा आधारित छ । यस शोधकार्यका उद्देश्यहरू दलित एवम् गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिको स्थिति पत्ता लगाउनु, तुलना गर्नु, उक्त परीक्षाको औसत सिकाइ उपलब्धिको लेखाजोखा गर्नु तथा दलित विद्यार्थीको सिकाइ उपलब्धि स्तर अभिवृद्धि गर्ने उपायहरू सुझाउनु रहेका थिए । प्राप्त तथ्याङ्कको विश्लेषण तथा प्राप्तिहरूको आधारमा शोधकार्यको निष्कर्ष देहायबमोजिम रहेको छ :

दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि गैरदलित विद्यार्थीको तुलनामा न्यून रहेको देखिन्छ । उक्त परीक्षाको औसत सिकाइ उपलब्धि आधाभन्दा कम प्रतिशत रहेको पाइन्छ । विद्यालयले दलित एवम् गैरदलित विद्यार्थी प्रति समानतामूलक व्यवहार गरेता पनि पूर्ण समतामूलक व्यवहार गर्न नसकेको पाइन्छ । पाठ्यक्रम शिक्षण सिकाइ क्रियाकलाप

दलितमैत्री नै रहेता पनि अझ दलितमैत्रीका साथै सबै सिकारुमैत्री बन्न आवश्यक छ । तुलनात्मक रुपमा दलित विद्यार्थीहरूको विद्यालयको नियमित उपस्थितिमा कमी रहनु, उनीहरूको घरायसी वातावरण सिकाइ अनुकूल नरहनु, प्रतिकुल घरायसी वातवारणले सिकाइका निम्ति पर्याप्त समय नपाएको अवस्था देखिन्छ । गैरदलित विद्यार्थीको तुलनामा दलित अभिभावकहरूले आफ्ना बालबालिकाहरूको पढाइ लेखाइ प्रति चासो, समय र लगानीमा कमी रहेको अभिव्यक्तिबाट ज्ञात हुन्छ । दलित विद्यार्थीका निम्ति हाल उपलब्ध भएको छात्रवृत्ति लगायत सिकाइ प्रोत्साहनमूलक कार्यक्रम सकारात्मक भएता पनि पर्याप्त रहेको मान्न सकिँदैन । गरिबीका कारण गैरदलित विद्यार्थीको तुलनामा दलित अभिभावकहरूले आफ्ना बालबालिकाहरूको सिकाइ प्रति कम चासो दिने गरेको पाइन्छ । अतिरिक्त कक्षा सञ्चालन गरिनुका साथै पर्याप्त छात्रवृत्ति, प्रोत्साहनमूलक शैक्षिक कार्यक्रमलाई अझ लक्षित समूहमा पुऱ्याउने किसिमले सरोकारवालाहरूबाट कार्य सम्पादन गरिनु पर्ने अभिमत सहभागीहरूको रहेको देखिन्छ । विद्यालयको शिक्षण सिकाइलाई थप प्रभावकारी बनाइ सबै विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा बढोत्तर गरिनु सबैको चासोको विषय बन्नु पर्दछ । चेतनामूलक एवम् आय आर्जन कार्यक्रमहरूको प्रभावकारी सञ्चालन गरिनु पर्ने राय समेत व्यक्त भएको छ । साथै सिकाइ उपलब्धि अभिबृद्धि गर्न कोचिङ कक्षा, सह तथा अतिरिक्त क्रियाकलापहरूमा सबै विद्यार्थीहरूलाई उचित सहभागी गराइनु पर्ने देखिन्छ ।

## ५.३ सुझावहरू

नमूना छनौटका ६ वटा समुदायिक विद्यालयहरूबाट,जि.शि.का.बाट प्राप्त तथ्याङ्क तथा नमूना छनौटका सहभागीहरूको अभिमतहरूको आधारमा यो शोधकार्य आधारित छ । यस शोधकार्यको दलित एवम् गौरदलित विद्यार्थीको सिकाइ उपलब्धिस्तर पत्ता लगाइ तुलना गर्नु ,परीक्षामा प्राप्त औसत सिकाइ उपलब्धिको लेखाजोखा गर्नु तथा दलित विद्यार्थीको औसत सिकाइ उपलब्धिस्तर अभिवृद्धि गर्ने उपायहरू सुझाउनु उद्धेश्यहरू रहेका थिए । प्राप्त तथ्याङ्क, अभिमतका आधार, प्राप्ती एवम् निष्कर्ष समेतको आधारमा नीतिगत तह,कार्यान्वयन तह तथा थप अनुशनधान तहका निम्ति दलित विद्यार्थीको सिकाइ उपलब्धिस्तर अभिवृद्धि गर्न देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिन्छ :

### ५.३.१ नीतिगत तह

सकारात्मक विभेदीकरणको नीति अनुसार दलित विद्यार्थी केन्द्रीत छात्रवृत्ति तथा अन्य प्रोत्साहनमूलक शैक्षिक कार्यक्रमलाई अझ बढी प्रभावकारी ढंगले नीति तर्जूमा गरिनु पर्दछ । विद्यालयमा सञ्चालन हुने नयाँ शैक्षिक कार्यक्रमहरूमा समानता एवम् समताको नीतिलाई अंगिकार गरिनु पर्दछ । उनीहरूका परम्परागत पेशा व्यवसायलाई आधुनिकरण गर्दै लैजाने ध्येयले विद्यालय तहको पाठ्यक्रममा उक्त पक्षहरू समावेस गराइने नीति लिनु पर्दछ ।

### ५.३.२ कार्यान्वयन तह

उक्त परीक्षामा सहभागीको समष्ठिगत औसत सिकाइ उपलब्धि ५० प्रतिशतको हाराहारीमा मात्र देखिन आएको हुँदा सिकाइ उपलब्धि शत प्रतिशत अभिबृद्धि गर्न अन्य सुधारात्मक कार्यका अलवा शिक्षण सिकाइ क्रियाकलापलाई थप दलितमैत्री बनाइनुपर्दछ । दलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिको तुलनामा न्यून देखिन आएको हुँदा उनीहरूको सिकाइ उपलब्धि अभिबृद्धि गर्न सिकाइ क्रियाकलापलाई दलित विद्यार्थीमैत्री बनाइनुपर्दछ । दलित-गैरदलित विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि समान बनाउन उनीहरूका निम्ति समानताका साथै समतामूलक शैक्षिक कार्यक्रमको प्रभावकारी सञ्चालन गरिनुपर्दछ । छात्रवृत्तिको थप व्यवस्था, पोशाक, पूर्ण निःशुल्क एवम् अनिवार्य विद्यालय शिक्षा जस्ता शैक्षिक प्रोत्साहनमूलक कार्यक्रमको प्रभावकारी सञ्चालन गरिनुपर्दछ । दलित अभिभावकहरूको आयआर्जन अभिबृद्धि गर्न लघुवित्त कार्यक्रम, वचत कार्यक्रम, कार्यमूलक साक्षरता कार्यक्रमको प्रभावकारी सञ्चालन गरिनुपर्दछ । लक्षित समूह केन्द्रित सचेतना गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनुपर्दछ । दलित विद्यार्थीको विद्यालयमा नियमित उपस्थित हुने वातावरण निर्माण गर्नुका साथै उनीहरूका निम्ति अतिरिक्त कक्षाको उचित प्रबन्ध गरिनुपर्दछ । गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई सशक्तीकरण गर्दै विद्यालय हाम्रो लागि हो भन्ने भावनाको विकास गर्ने तर्फ सरकारी-गै.स.स.का कार्यक्रमहरू केन्द्रीत गरिनुपर्दछ । विद्यालयको अभिभावकभेला, वार्षिकउत्सव, सामाजिक परीक्षण सार्वजनीकरण आदि कार्यक्रमहरूमा अन्य अभिभावकका साथै दलित

अभिभावकहरूलाई पनि अनिवार्य उपस्थिति गराइनुपर्दछ । आफ्ना बालबालिकाहरूको पढाइका साथै अन्य उत्कृष्ट कार्य गरे वापत उनीहरूलाई सार्वजनिक सम्मान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ । दलित विद्यार्थीको समूह भित्रैबाट आपसी प्रतिस्पर्धा गराइ प्रोत्साहन गर्ने कार्यहरू सञ्चालन गरिनुपर्दछ । विद्यालयको सबै खाले क्रियाकलापमा दलित विद्यार्थीको समानुपातिक सहभागिता साथै सामाजिक भेदभावको अन्त्य गर्न समुदाय परिचालन कार्यक्रम सञ्चालन गरिनु पर्दछ । यस्ता कार्यक्रममा दलित विद्यार्थी-अभिभावकहरूको अनिवार्य सहभागीता गराइनुपर्दछ । उक्त समुदाय भित्रको विपन्न,जेहेन्दार विद्यार्थीका निम्ति उचित प्रोत्साहनमूलक शैक्षिक कार्यक्रम सञ्चालन गरिनुपर्दछ । दलित छात्रालाई विद्यालयका विविध क्रियाकलापमा अन्य सरह अनिवार्य सहभागी गराउने कार्य गरिनुपर्दछ ।

### ५.५.३ थप अनुशन्धान तह

यस शोधकार्य सिमित क्षेत्र र अवधिका दलित एवम् गैरदलित विद्यार्थीहरूको जिल्लास्तरीय परीक्षामा प्राप्त सिकाइ उपलब्धिस्तर पहिचान गरी,लेखाजोखा गर्दा गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहन गएको निष्कर्षमा पुगिएको छ । यस विषय क्षेत्रमा थप अनुशन्धानमा अभिरुची राख्ने अनुशन्धानकर्तालाई हालको पाठ्यक्रम,शिक्षण सिकाइको अवस्था,शैक्षिक विधि र सामाग्री,थप अवसरको उपलब्धता तथा उनीहरूको विद्यालय तहको तल्लो वा उपल्लो तहमा सिकाइ उपलब्धिको लेखाजोखा गर्दै अनुशन्धान गरी यस विषय शीर्षकको निकटताको आधारमा उनीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न थप अनुशन्धान गर्नका निम्ति सुझाव दिइन्छ ।